

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ३० ★ ने. सं. ११४६ चिल्ला थ्व, पञ्चमी ★ आइतबार ★ १० फागुन, २०८२ ★ February 22, 2026, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## अल्पमतको सरकार किन हुन्न ?

बहुमतको सरकारको अर्थ हो- बहुमत मतदाता वा जनताले स्वीकारेका व्यक्तिहरूको सरकार । बहुमतको सरकारको दल र नेतृत्वलाई कथंकदाचित हिजोको प्रशासन यन्त्र-अदालत, गुप्तचर विभाग, प्रहरी र सेनाले स्वीकारेनन् भने बहुमत प्राप्त दलले वा त्यसको सरकारले आफ्नै शक्तिले हिजोको सरकारका सम्पूर्ण प्रशासनसँग लड्न वा चित्त बुझाएर आफ्नो पक्षमा ल्याउन सक्ने सामर्थ्य हुनुपर्थ्यो । बहुमतको सरकारको अर्थ तबमात्र पुष्टि हुन्छ ।

ओली नेतृत्वको सरकार र प्रचण्ड नेतृत्वको सरकारको राजीनामाले सम्पूर्ण प्रशासनयन्त्र वा 'राज्य सत्ता' ले त्यो नेतृत्व स्वीकार नगरेको साबित हुन्छ । सारमा पैसा खर्च गरेर, उपहार दिएर, भाषाको क्षेत्रको आधारमा भोज-भतेर खुवाएर बनेको सरकारले आफूलाई 'जनताको सरकार' मान्नु खोटो साबित हुन्छ । खामको पैसा बाँडेर, उपहार दिएर, जात र भोज भतेर गरेर वा भाषा र क्षेत्रको साम्प्रदायिक भावनाबाट जितेको सरकार साँचो 'जनताको सरकार' साबित हुन्न । बीपी कोइरालाको नेतृत्वमा भएको विदेशी सहयोगबाटै भएको विद्रोहलाई '२००७ सालको क्रान्ति' भनियो, व्यवहारमा सार्‍है थोरै बुझेका र सचेत जनता राणाविरोधी सङ्घर्षमा लागेका थिए । तर, त्यसबेलाको राजनैतिक नेतृत्व विदेशीको सहयोगबिना स्थायी हुन नसक्ने अवस्थामा थियो । त्यही कमजोर जगबाट उठेको २०१५ सालको महानिर्वाचनबाट बनेको कोइराला सरकारपछि 'प्रशासन यन्त्र' अर्थात् 'राज्य सत्ता' बाट अपदस्थ भयो । संसद्का बहुमत सदस्यहरूसमेत त्यस संसद्को पक्षमा रहेनन् ।

यसकारण, नेपाली काङ्ग्रेसलाई पुन: सरकारमा आउन धेरै वर्षपछि अन्य वामपन्थी र परिवर्तन चाहने तत्त्वहरू र विदेशीहरूकै सहयोग आवश्यक भयो । त्यसकारण, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाका सरकार चालू राख्न विदेशीसँग टनकपुर र महाकाली सन्धि गर्न बाध्य भयो । त्यस्तै पञ्चायती व्यवस्थाका प्रधानमन्त्रीहरू सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दलाई पनि राप्रपाको बहुमत नभए पनि प्रम बनाउन तत्कालीन संसद् वा शासक दलहरू बाध्य भए । तर, सारमा राप्रपाको आफ्नो बहुमत थिएन वा आवश्यक जनशक्ति पनि थिएन ।

'बङ्गलादेश' को स्थापना गरिँदा भारत र सोभियत सङ्घको सहयोगले पूर्वी पाकिस्तानको अस्तित्व मेटियो । तर, त्यहाँका जनताको असन्तोष बारम्बार अभिव्यक्त हुँदै गयो र सैनिक विद्रोहहरू भए र हत्याकाण्डहरू भए । आखिर प्रम शेख हसिना भारतमा शरण लिनुपर्‍यो र पुराना विद्रोही पक्षका नयाँ पुस्ता हालै सरकारमा पुग्यो- निर्वाचनबाट । यसबाट त्यहाँ नयाँ पक्षलाई राज्य सत्ताको हात रहेको आकलन स्वाभाविक हो ।

श्रीलङ्कामा बारम्बार एक-दुई वटा दल र एउटै वर्गका शासकहरू सत्तामा पुग्थे र जान्थे । तर, त्यहाँ पनि विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको मकुन्डोभित्र विदेशीहरू काम गर्दै थिए । ती विदेशीहरूकै मित्रहरू नयाँ अनुहारहरू सरकार पुगे, किनभने त्यहाँ पनि सरकारलाई 'राज्य सत्ता' को समर्थन थियो ।

नेपालको वर्तमान सुशीला कार्कीको सरकार निर्वाचनबाट बनेको होइन । नेका र एमालेको निर्वाचन वा पद, पैसा, भोज भतेर, लोभ-लाभ जात, भाषा क्षेत्रकै आधारमा सरकारमा पुगेका थिए । कार्की सरकारलाई नेपाली जनताले वा निर्वाचनले ल्याएको होइन भने कुन कुन विदेशीहरूले सरकारमा ल्याई पुर्‍याए भन्ने कुरा दिउँसोको घामजस्तै छर्लङ्ग भयो र जनताले पनि बुझे ।

कमजोरी निश्चित रूपमा नेका र एमालेको नेतृत्वको हो । ज-जसले तिनीहरूलाई निर्वाचनमा सहयोग गरे तिनीहरूले नै तिनीहरूलाई 'राजीनामा' दिन बाध्य पारे । ती ठेकेदार, उद्योगपति, कालाबजारी, तस्कर र अपराधीहरूकै पैसाबाट निर्वाचन जितेका दल र नेताहरूले 'घोषणापत्र' को विरोधमा भ्रष्टाचार गर्दै आएको हुँदा तिनीहरूलाई सरकारबाट च्युत गर्न सजिलो भयो ।

बाहिर हेर्दा सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन यन्त्र र अदालत देखिए पनि विदेशी थैलीहरूले नै आजका सरकारमा बस्नेहरूलाई पनि भोलि तिनीहरूको 'आदेश' अनुसार काम गरेनन् भने तिनीहरूको 'भाग्य' पनि पहिलेका जस्तै जग नभएका व्यक्तिहरूको जस्तै हुनेछ ।

चीनमा विद्रोह गरी भारत भागेका तिब्बतका दास मालिकहरूकै घेरामा दलाई लामा भारत पुगे, उनको खर्च पानी सबै अमेरिकी केन्द्रीय गुप्तचर विभागले व्यहोर्दै आएको हो । बितेको भदौ महिना 'उपद्रव' र कार्की सरकारले दलाई लामा गुटलाई गरेको औपचारिक व्यवहार नेपाल र चीन मित्रताको विपरीत भएको हुँदा अहिले भदौदेखिका सबै गतिविधिमा भारत र अमेरिकाको हात भएको नेपाली जनताले अड्कल र आकलन गर्दै छन् ।

*'श्रमिक' साप्ताहिकको सम्पादकीय*

## अभौतिक सांस्कृतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम




भक्तपुर, ९ फागुन । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा अभौतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर मूर्त र अमूर्त सम्पदाले भरिएको सहर भएको उल्लेख गर्दै मूर्त सम्पदाहरूको जति महत्त्व छ त्यतिकै अमूर्त सम्पदाको पनि महत्त्व भएको बताउनुभयो ।

उहाँले संरक्षणको अभावमा नेपालका मूर्त अमूर्त सम्पदा लोप हुँदै गइरहेको बताउँदै एउटा सम्पदा लोप हुनु भनेको देशको सम्पत्ति समाप्त हुनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाले हरेक खालका सम्पदाहरूलाई संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै आएको बताउँदै उहाँले टोलटोलमा विभिन्न परम्परागत बाजाहरूको प्रशिक्षण सञ्चालन गर्नु यसको ज्वलन्त उदाहरण हो भन्नुभयो ।

हाम्रा मूर्त र अमूर्त सम्पदाहरूको अभिलेखीकरण नहुँदा ती सम्पदाहरू व्यवस्थित संरक्षण हुन नसकिरहेको प्रस्ट पार्दै उहाँले सम्पदाहरू राष्ट्रिय रूपमा सूचीकरण गर्न सकिएमा त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता पाउन सहज पार्ने बताउनुभयो ।

ख्वप कलेज अफ लमार्फत अभौतिक सम्पदा सूचीकरणको प्रयास थालनी गरेको बताउँदै उहाँले पहिलो चरणमा कवांचा प्याखं, पा वास, भादगाउँले टोपी, जुजु धौ, थथें जागु रस (गीत) को विस्तृत अध्ययन अभिलेखीकरण गरिने अवगत गराउनुभयो ।

कलेजले गरेको अध्ययन अनुसन्धानलाई नपाले क्रमश: कार्यान्वयन गर्दै लगिने पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डाक्टर सुरेश सुरस श्रेष्ठले अभौतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्दै त्यसलाई विश्वसामु प्रस्तुत गर्नुपर्ने बताउँदै अभौतिक सम्पदाहरूलाई समुदायले बचाइराखेको हुँदा त्यसलाई कानुन बनाई विश्वव्यापीकरण गर्दै लगिनुपर्ने बताउनुभयो ।

अभौतिक सम्पदा राष्ट्रिय सूचीमा दर्ता गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सहयोग गर्न तयार रहेको सचिव श्रेष्ठले सोही अवसरमा बताउनुभयो ।

***बाँकी पृष्ठ २ मा***

## सहिद राजकुमार स्मृति पुस्तकालयको कार्यक्रममा शिक्षासेवी र आँखाविज्ञ सम्मानित




भक्तपुर, ९ फागुन । सहिद राजकुमार स्मृति पुस्तकालयको ३५ औं वार्षिकोत्सवको अवसरमा शुक्रबार सहिद स्मृति सभा, सम्मान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले ऐतिहासिक जनआन्दोलनको स्मरण गराउँदै निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध भएको जनआन्दोलनमा पञ्चायती शासकहरूले संसारमै प्रतिबन्धित गोली चलाएर दमन गरेको कारण पञ्चायती व्यवस्था ढलेको बताउनुभयो ।

३५ वर्षसम्म पालैपालो सरकारका गएका पार्टीहरूले सरकारी उद्योगहरू निजीकरण गरेको तथा देशलाई परनिर्भर बनाएको बताउनुभयो ।

उहाँले जनताको इमानदारीपूर्वक सेवा गरिरहेको पार्टीमाथि प्रश्न खडा गर्नु र नेमकिपामाथि लान्छना लगाउनु उनीहरूको ठुलो भूल भएको स्पष्ट पार्नुभयो ।

नेमकिपाले जस्तो जनताको लागि गरेको योगदान अरु पार्टीले नगरेको जिकिर गर्दै उहाँले राजनीति पदको लागि होइन परिवर्तनको लागि हुनुपर्छ भन्नुभयो ।

जनताको भावनाबमोजिम सङ्घर्ष गरी समाजवादी व्यवस्थाको लागि पार्टी अगाडि बढेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर

सुर्खेत, ९ फागुन । नेपाल मजदुर किसान पार्टी चुनाव प्रचार प्रसार समिति सुर्खेत क्षेत्र नं. २ को आयोजनामा सुर्खेतको पश्चिम भुडेवार, बिजौरा, मायाताल, तोर्सा हुँदै गुडुबजारमा घरदैलो एवम् कोणसभा कार्यक्रम शनिबार भयो ।

बिजोरामा भएको कोणसभामा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा सुर्खेत जिल्ला क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार तुलसी खड्काले पालैपालो सत्तामा जाने र भागबन्डा गर्ने शासक पार्टीहरूको विरोधमा नेमकिपाले उम्मेदवारी दिएको र जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिई पार्टीले निर्वाचनलाई उपयोग गरिरहेको बताउनुभयो ।

कामदार जनताको आवाजलाई संसद्मा उठाउन र जनतालाई राजनीतिकरूपमा सचेत पार्न नेमकिपाका उम्मेदवारहरूलाई निर्वाचित गर्नु जरूरी भएको उहाँले बताउनुभयो ।

नेमकिपा चुनाव प्रचार समिति सुर्खेत क्षेत्र नं. २ का संयोजक अकलबहादुर राना, निरकबहादुर शाही, गगन विकलगायतले कोणसभामा बोल्नुभएको थियो ।

कोणसभा हुनुअघि बजारभरि पार्टीको पर्चा र अपिल वितरण गरी घरदैलो कार्यक्रम गरेको थियो ।

यसरी नै नेका, एमाले, नेकपाका उम्मेदवारहरूको पनि घरदैलो कार्यक्रम भइरहेको छ ।



लोमान्थाङबाट देखिएको हिमशृङ्खला

मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङ गाउँ नजिकैबाट देखिएको सेताम्मे हिमशृङ्खला र आसपासका क्षेत्र । गत माघ दोस्रो सातामा परेको हिउँ अझै पग्लिएको छैन । *तस्बिर: सुशीलबाबु थकाली/रासस*

# स्थापना दिवसको अवसरमा स्वास्थ्य शिविर



भक्तपुर, ९ फागुन । उदय बचत तथा ऋण सहकारी संस्था लि.को ३० औँ स्थापना दिवसको अवसरमा स्वास्थ्य शिविर सम्पन्न भयो ।

उक्त शिविरमा ४४ जना महिलाले पाठेघर, स्तन परीक्षण फिजियोथेरापीबाट निःशुल्क स्वास्थ्य सेवा पाएका छन् भने १८ जना बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षण परामर्श भएको थियो ।

सिद्धि स्मृति अस्पतालका बाल विशेषज्ञ डा. राजेन्द्र शिल्पकारले विगतको तुलनामा बढेको मौसमी रूघाखोकी इन्फ्लुएन्जाको जोखिमबाट हुने निमोनिया, स्वासप्रस्वासमा जटिल समस्या देखिने भएकोले व्यक्तिगत सरसफाइ र स्वास्थ्यमा विशेष ख्याल गर्नुपर्ने बताउनुभयो ।

जङ्कफुडको अत्यधिक प्रयोगले पाउनुपर्ने पौष्टिक तत्त्व शरीरले नपाउँदा कुपोषणको सङ्क्रमण बढ्दै गएको बताउँदै घरायसी रूपमा उपलब्ध पौष्टिक तत्त्वले भरिएको खानेकुरा सन्तुलित रूपमा खुवाउन जोड दिनुभयो ।

उक्त स्वास्थ्य शिविरमा सिद्धि स्मृति अस्पताल भक्तपुरका चिकित्सकहरूले प्राविधिक सहयोग गरेका थिए ।

स्थापना दिवसकै अवसरमा संस्थाको युवा तथा सांस्कृतिक उपसमितिको आयोजनामा तीनमहिने मादल र बाँसुरी बाजाको प्रशिक्षण फागुन २८ गतेदेखि सञ्चालन हुने भएको छ । यसको लागि यहीँ फागुन २५ गतेभित्र नाम दर्ता गर्न सकिनेछ ।

# वर्तमान समयमा बौद्धिक जगतको भूमिका महत्त्वपूर्ण




भक्तपुर, ९ फागुन । शैक्षिक विकास समाज ब्यासी २ भक्तपुरको आयोजनामा फागुन ६ गते 'वर्तमान समयमा बौद्धिक जगतको भूमिका' विषयक प्रवचन कार्यक्रम भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले राम्रो संस्कृतिले निष्कर्षसहित गन्तव्यमा पुऱ्याउन सहयोग गर्छ भन्नुभयो ।

सही अध्ययनले व्यक्ति र परिवारलाई विश्रृङ्खलित हुनबाट जोगाउने उल्लेख गर्दै उहाँले नेवारी संस्कृति र संस्कारले यही सिकाउँछ भन्नुभयो ।

शैक्षिक विकास समाजले पनि समाजको विभिन्न क्षेत्रमा आइपरेका विषयवस्तुको गहिरो अध्ययन गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

नेपालमा विदेशी चलखेल बढ्नु सरकारमा गएका पार्टी नेताहरूकै कमजोरीको कारण भएको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गतेको घटनाले नेपालमा एनजीओ, आइएनजीओको चलखेलतर्फ पनि सचेत हुनुपर्ने बताउनुभयो ।

६७ वर्षको क्युवाली समाजवादले मानवीयताका लागि काम गरेको चर्चा गर्दै उहाँले हरेक क्युवाली डाक्टरहरूले विभिन्न देशमा स्वयम्सेवी चिकित्सकको रूपमा सेवा गरेको यथार्थबारे स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "सङ्घर्ष कठिन छ , बाटो चुनातीपूर्ण छ तर नेमकिपाले देश र जनताप्रतिको प्रतिबद्धता तथा सेवालाई प्राथमिकतामा राखेको छ ।" चुनावको समयमा बौद्धिक क्षेत्रले सही विचारको राजनीति गर्ने पार्टीको पक्षमा जनतालाई सुसूचित गर्ने र अहम् भूमिकालाई बिर्सन नहुने धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

प्राध्यापक विश्वमोहन जोशीले विश्वमा मानव अधिकारको वकालत गर्ने अमेरिकी साम्राज्यवाद विदेशी राष्ट्रहरूमा हतियार बेचेर युद्ध गराई पहिलो हुन चाहिरहेको विचार राख्नुभयो ।

प्राध्यापक जोशीले जनताको सेवामा विचार राख्नेले मात्र सोको यथार्थ झल्किने धारणा राख्नुभयो ।

ख्वप कलेजका संस्थापक सदस्य एवं जननिर्वाचित पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले वर्तमान समयमा बौद्धिक जगत्को भूमिका अपरिहार्य भएको बताउँदै हरेक बुद्धिजीवीहरूले आत्म मूल्याङ्कन तथा आत्मसमीक्षाका साथ न्यून वर्गको लागि काम गर्ने पार्टीको वकालत गर्नसक्नुपर्नेमा जोड दिनुभयो ।

शिक्षा विकास समाजका सुनिता घटुवा,कृष्णप्रसाद सुवाल र अजयन्द्रकुमार लघुले पनि बोल्नुभएको उक्त कार्यक्रम समाजका अध्यक्ष डा.रत्नसुन्दर लासिवाको सभापतित्वमा भएको थियो ।

# काठमाडौँका विभिन्न स्थानमा बिजुली कटौती हुने

काठमाडौँ, ९ फागुन । नेपाल विद्युत् प्राधिकरणले शनिबार काठमाडौँका विभिन्न स्थानमा बिजुली कटौती गर्ने भएको छ ।

प्राधिकरणले सूचना प्रकाशित गरी बानेश्वर वितरण केन्द्रको कार्यक्षेत्रभित्र पर्ने सिनामङ्गल चोक तथा तिलगङ्गा क्षेत्रमा बिजुली कटौती हुने जनाएको छ ।

तिलगङ्गा आँखा अस्पताल अगाडि रहेको पोल ढल्केकोले त्यसलाई व्यवस्थित कार्य गर्नका लागि ११ केभी क्षमताको प्रसारण लाइन सटडाउन गर्न लागेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले तिलगङ्गा, प्रकाश सन्यास आश्रम, सम्भुमार्ग, गौशाखा र विमानस्थल आसपासका क्षेत्रमा बिहान ११ बजेदेखि १२:३० सम्म बिजुली कटौती गर्ने भएको छ । यस्तै, तिनकुने, गैरीगाँउ, सिनामङ्गल र विमानस्थल क्षेत्रअन्तर्गतका सबै क्षेत्रमा १ बजेदेखि १४:३० बजेसम्म बिजुली कटौती हुनेछ ।

बिजुली कटौतीबाट ग्राहकवर्गमा पर्न गएको असुविधाप्रति प्राधिकरणले माफी मागेको छ ।

यसैगरी महाराजगञ्ज वितरण केन्द्र अन्तर्गतका विभिन्न स्थानमा बिजुली कटौती हुने भएको छ । काठमाडौँ उपत्यकाका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाले वितरण प्रणाली भूमिगतकार्य भइरहेको र सो कार्य सम्पन्न गर्नका लागि आज बिहान १० बजेदेखि २ बजेसम्म बिजुली कटौती हुनेछ ।

प्राधिकरणका अनुसार, बालुवाटार, शिवपुरी स्कुल, पाण्डोल मार्ग, प्रधानमन्त्री निवास आसपासका क्षेत्रमा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म बिजुली कटौती हुनेछ ।

यस्तै, हेपाली हाइट, च्यासिङडोल, देउराली जनता, भगवती मन्दिर, धापासलिगायतका क्षेत्रमा पनि बिजुली कटौती हुनेछ ।

त्यस्तै, वंशीधर मार्ग, चण्डोल, विशालनगर, सेन्ट्रल अर्पाटमेन्ट र टुँडालदेवी मन्दिरलगायतका क्षेत्रमा पनि १२ बजेदेखि २ बजेसम्म बिजुली कटौती हुने प्राधिकरणले जनाएको छ । रासस

# सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा मतपत्रसहित र निर्वाचन सामग्रीको ढुवानी

काठमाडौँ, ९ फागुन । निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्र सहित अन्य निर्वाचन सामग्री ढुवानी गर्ने कामलाई तीव्र पारेको छ । हालसम्म सुदूरपश्चिम, कर्णाली र कोसी प्रदेशमा आयोगले मतपत्र ढुवानी गरिसकेको छ ।

अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम गरिरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ यसअघि नै सम्पन्न भइसकेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरेर निर्वाचन क्षेत्रमा पठाइएको छ ।

आयोगले गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरेको थियो । त्यसपछि आयोगले सुदूरपश्चिम, कर्णाली र कोसी प्रदेशमा नियमित रूपमा मतपत्र ढुवानी गरेको थियो ।

यस्तै, वाग्मतीसहित र अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री नियमित रूपमा ढुवानी गरिरहेको छ । आयोगले अन्य प्रदेशमा ढुवानी कार्य जारी रहेको जानकारी दिँदै राजधानी काठमाडौँभित्रका मतदान केन्द्रमा पनि केही दिनमा पुऱ्याइने जनाएको छ ।

आयोगले मतपत्रबाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको उल्लेख गरेको छ । निर्वाचनका लागि विभिन्न ५१ प्रकारका सामग्री आवश्यक पर्ने जनाइएको छ । मतपत्र छपाइतर्फ आयोगले तोकेको क्यालेण्डर अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेबाट मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो । आयोगले १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ गरेको थियो ।

यस्तै, गत पुस २६ गतेबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी गत माघ १३ गतेसम्म सम्पन्न गरेको छ । समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार समानुपातिक मतपत्र छपाइ गरेको थियो । रासस

***अभौतिक...***

ख्वप कलेज अफ लका अनुसन्धान तथा कानुनी सीप विभागका प्रमुख आशिष पौडेलले अभौतिक सम्पदाहरूको सूचीकरणसम्बन्धी कानुनी र व्यवहारिक पक्षबारे प्रस्तुतीकरण देखाउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा अनुसन्धानमा कार्यरत विद्यार्थी र शिक्षकहरू, जुजुधौसँग सम्बन्धित सङ्घका प्रतिनिधि, भादगाउँले टोपी, स्थानीय खेल कसिमला पाँय्लगायतका विज्ञ प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

अभौतिक सम्पदाहरूको सूचीकरण गर्न चाहनेहरूले चैत १५ गतेभित्र प्रक्रिया पुर्याई दर्ता गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा भक्तपुर नगरपालिकाले जुजु धौ, कसीमला पाँयू, मौलिक गीतसहित पाँचवटा विधामा सूचीकरणको लागि तयारी गरिरहेको छ ।

सङ्क्षिप्त समाचार

## कविता महोत्सव गरी मनाइयो अन्तर्राष्ट्रिय मातृभाषा दिवस

काठमाडौँ, ९ फागुन । मातृभाषामा कविता वाचनसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रस्तुत गरी अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा ४२ भाषाका ४२ जना कवि एवं कवयित्रीको कविता छनोट गरिएको थियो । ती सबै कवितासहित केही भाषाभाषिका सांस्कृतिक झाँकी पनि प्रतिष्ठानको डबलीमा प्रस्तुत गरिएको हो । प्रतिष्ठानका कुलपति भूपाल राईले यस्ता महोत्सवमा थोरै वक्ता रहेका मातृभाषाको संरक्षणमा योगदान पुग्ने विश्वास गरिएको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । नेपालमा भने विसं २०६६ देखि विशेष रूपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको थियो ।

विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ । मातृभाषा लोप हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्नेमा जोड दिँदै आज प्रतिष्ठानले मातृभाषामा कविता महोत्सवसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी कार्यक्रमको आयोजना गरेको हो । रासस

## मुलुकको विकासका लागि प्रविधिमूलक शिक्षा आवश्यक

काठमाडौँ, ९ फागुन । मानव सेवा आश्रमका संस्थापक एवं वरिष्ठ समाजसेवी रामजी अधिकारीले मुलुकको विकासका लागि प्रविधिमूलक शिक्षा आवश्यक रहेको बताउनुभएको छ ।

नवोदित विद्या कुञ्ज उच्च माध्यमिक विद्यालयको ३३ औं अभिभावक दिवसको अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकको विकासका लागि प्रविधि र सीपमूलक शिक्षा आवश्यक रहेको बताउनुभएको हो । उहाँले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी, शिक्षक र अभिभावकबिच सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले नेपाल हरेक वस्तुले धनी मुलुक भएको भन्दै त्यसलाई सही रूपमा उपयोग गर्न व्यावहारिक शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । गुणस्तरीय शिक्षाका लागि काठमाडौँ महानगरपालिका लागिरहेको उहाँको भनाइ थियो ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) का उपाध्यक्ष एवं लिङ्कन कलेजका अध्यक्ष विष्णुप्रसाद पौडेलले किताबको ज्ञानमात्र नभई व्यावहारिक ज्ञान अहिलेको आवश्यकता भएको बताउनुभयो ।

नवोदित कलेजका प्राचार्य राजेन्द्र अधिकारी, सहप्राचार्य विकासराज शर्मा, नेपाल सरकारका पूर्वउपसचिव देशबन्धु अधिकारी, नेपाली सेनाका पूर्वजर्नेल धर्म बानियाँलगायतले सामाजिक सञ्जालबाट बालबालिकालाई टाढा राख्न र आफ्ना बाबुनानीलाई अभिभावकले समय दिनुपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट विद्यार्थी तथा अभिभावकलाई सम्मान गरिएको थियो । नवोदित कलेजले पछिल्लो समय प्रत्येक बिहान योग प्रशिक्षणसमेत सुरु गरेको छ ।

## गौरमा अनिश्चितकालीन कर्फ्यु

चन्द्रपुर (रौतहट), ९ फागुन । जिल्ला प्रशासन कार्यालयले जिल्ला सदरमुकाम गौरमा शनिबार अपराह्न १:०० बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ ।

गौर नगरपालिका-६ सवगढा गाउँमा बिहान दुई पक्षबिच पुन:झडप भएपछि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको हो ।

गौर नगरपालिकाको पूर्वमा मुडबलवा गेट, पश्चिममा लालबकैया बाँध, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालय क्षेत्रसम्म कर्फ्यु आदेश जारी भएको हो ।

## एमालेको झन्डा जलाएको आरोपमा थप दुई जना पक्राउ

दाङ, ९ फागुन । जिल्लाको तुलसीपुरमा नेकपा (एमाले) को झन्डा जलाएको आरोपमा थप दुई जनालाई पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेशम बोहराले तुलसीपुर उपमहानगरपालिका-४ हलवार निवासी ३० वर्षीय रमेश राना मगर र तुलसीपुर-६ गाइडहर निवासी २४ वर्षीय विक्रम परियारलाई आज पक्राउ गरिएको जानकारी दिनुभयो ।

यही प्रकरणमा शुक्रबार तुलसीपुर-७ कालाखोला निवासी ५५ वर्षीय बुद्धिबहादुर बस्नेतलाई पक्राउ गरिएको थियो । प्रहरी नायब उपरीक्षक बोहराले झन्डा जलाउने कार्यमा संलग्न तीन जनालाई पक्राउ गरेर अनुसन्धान थालिएको र अन्य सम्भावित व्यक्तिहरूको खोजी भइरहेको जानकारी दिनुभयो ।

दाङको घोराहीमा हुने कार्यक्रममा सहभागी हुन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र नेता बालेन्द्र शाह आउने खबर पाएपछि दाङ तुलसीपुरको वीरेन्द्र चोकमा भेला भएका समर्थकाहरूको भिडमा झन्डा जलाइएको थियो । रासस



**झोलुङ्गे पुलमा पर्यटक**

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवबारी जोड्ने झोलुङ्गे पुलमा रमाउँदै पर्यटक । पछिल्लो समय यस पुलमा तस्बिर र भिडियो खिच्न पर्यटकको आकर्षण बढ्दो छ । यो पुल ५६७ मिटर लामो छ । *तस्बिर : डम्मर बुढामगर/रासस*

## वैदेशिक व्यापारका सात महिना: नौ खर्ब पचास अर्ब घाटा

काठमाडौँ, ९ फागुन । चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु. १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ ।

भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु. ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु. एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ । यो अवधिमा मुलुकले रु. नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ ।

भारतसँग बितेका सात महिनामा रु. छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु. चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ । चीनसँग रु. दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु. ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु. दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु. ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु. ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु. १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ ।

व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु. पाँच करोड ५२ लाख, नर्वेसँग रु. तीन करोड ३३ लाख र आइसल्यान्डसँग रु. दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ ।

पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । यो अवधिमा रु. ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु. ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु. ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ ।

यसैगरी, रु. ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु. २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु. ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु. २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ ।

बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु. ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ । अलैंची रु. आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल रु. पाँच अर्ब ७८ करोड, कार्पेट रु. पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्याङ्क छ । रासस

## निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन प्रधानमन्त्री कार्कीको निर्देशन

लुम्बिनी, ९ फागुन । प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने गरी तयारीका साथ काम गर्न निर्देशन दिनुभएको छ ।

निर्वाचन तयारी सन्दर्भमा आज लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकोले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिनुभएको बैठक पछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी गराउनुभयो ।

प्रधानमन्त्री कार्कीसहित आज बिहान मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिनुभयो ।

जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरूपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिनुभयो ।

बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराउनुभएको थियो ।

जिल्लागत रूपमा अतिसंवेदनशील, संवेदनशील र सामान्य निर्वाचन मतदान केन्द्र पहिचान गरेर आवश्यक तयारी गरिएको जानकारी गराउनुभयो । जिल्लास्थित सरकारी निकायले त्यस्ता चुनौती पहिचान गरेर समाधानका लागि आवश्यक संवाद र छलफल गरेर काम गर्ने विषयमा जानकारी गराइएको थियो ।

एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागबाट सङ्कलित सूचना गरेर आवश्यक रणनीति तय गरिने विषयमा बैठकमा छलफल भएको जानकारी दिनुभयो । रासस

## मनाङका केही मतदान केन्द्रको अनुगमनमा समस्या

मनाङ, ९ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गए पनि मनाङका केही मतदान केन्द्रको अनुगमन हुन सकेको छैन ।

यहाँ फरक समयमा हिमपात भएकोले मतदान केन्द्रको अनुगमन गर्न केही समस्या भएको हो । प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले विशेषगरी हिमपातका कारण नार्पाभूमि गाउँपालिकामा रहेका मतदान केन्द्रको अनुगमनमा समस्या भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "भौगोलिक अवस्था र चिसोका कारण अनुगमन प्रभावित भएको छ । समस्याका बिच मनाङ डिस्याङ गाउँपालिकाका नौवटै मतदान केन्द्रको अनुगमन गरिएको छ । चामे र नासो गाउँपालिकाकामा रहेका मतदान केन्द्रको यसअघि नै अनुगमन भए पनि नार्पाभूमिका केन्द्रमा पुग्न सकिएको छैन ।"

मनाङ सदरमुकाम चामेबाट नार्पाभूमिका मतदान केन्द्र पुग्न हिँडेर दुई दिन लाग्छ । नार्पाभूमि गाउँपालिकाका वडा नं १ देखि ३ सम्म नार क्षेत्रमा तीन, वडा नं ४ र ५ को फू क्षेत्रमा दुई गरी पाँच वटा मतदान केन्द्र छन् ।

यहाँ आउजाउ गर्न समस्या भएपछि अस्थायी रूपमा मतदान केन्द्र सदरमुकाम सार्ने विषयमा पनि स्थानीय पालिकासँग छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी पौड्यालले बताउनुभयो ।

नार्पाभूमि गाउँपालिकामा ४८८ मतदाता रहेका छन् । जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले पाँच वटै वडामा मतदान केन्द्र कायम गरिएका र मौसम अनुकूल नभएमा के गर्ने भन्ने विषयमा छलफल भइरहेको बताउनुभयो ।

जिल्लामा तीन हजार ६२३ महिला र तीन हजार ३७७ पुरुष गरी सात हजार मतदाता रहेका छन् । विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा छ हजार ७७९ मतदाता रहेकामा यसपटक २२१ मतदाता थपिएका हुन् ।

एकमात्र निर्वाचन क्षेत्र रहेको मनाङमा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका टेकबहादुर गुरुङ, नेपाल कम्युनिष्ट पार्टीका यशोदा सुवेदी गुरुङ र मङ्गोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ प्रतिस्पर्धामा हुनुहुन्छ ।

। सम्पादकीय ।

# निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुनुपर्छ

निर्वाचन नजिकिएसँगै चुनावी माहोल तात्दै छ । दलका नेता, कार्यकर्ता तथा उम्मेदवारहरू चुनावी मैदानमा उत्रेका छन् । दलको आ-आफ्नो घोषणापत्र या प्रतिबद्धता पत्र जनताको घरआँगनमा पुऱ्याउने र बुझाउने काम भइरहेको छ । चुनाव प्रचार प्रसारको क्रममा कति दलका नेता तथा कार्यकर्ताहरू आफ्नो चुनावी घोषणापत्रको कुरा जनतालाई जानकारी दिनुभन्दा झूटको खेती गरेर भ्रम फैलाउने काममा लागेका छन् । चुनावी प्रचारको क्रममा दलका कार्यकर्ताबिचको झगडा, कुटपिट, झन्डा जलाउने र गाडी जलाउने घटनाक्रमले फागुन २१ गते हुने भनिएको निर्वाचन शान्तिपूर्ण ढङ्गले सम्पन्न होला कि नहोला भन्ने चिन्ता जनतामा छाएको छ ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र मर्यादित हुनुपर्छ । निर्वाचन बिथोल्ने, निर्वाचनमा भाँडभैलो हाल्ने काम कुनै राजनीतिक दलले गर्नु उचित होइन । निर्वाचनमा प्रतिक्रियावादी, सामन्त, पुँजीपतिवर्ग, जालीफटाहाका उम्मेदवारलाई जिताउनु श्रमजीवी वर्गको खुट्टामा बन्चरोले हान्नुजस्तै हुनेछ । श्रमजीवीवर्गका जनताले श्रमजीवी वर्गमाथि शोषण गर्ने, दमन गर्ने दलका उम्मेदवारलाई मतदान गरेर गल्ती गर्नु हुँदैन । दलका नेता, कार्यकर्ता र उम्मेदवारहरू जनताको मत बटुल्नको निम्ति आकर्षक र मिठा नारा फलाक्दै छन् । उनीहरूले अहिले उठाएका मागहरू विगतको निर्वाचनमा पनि उठाइएको थियो । जनताको मत लिएर सरकारमा पुगे पनि उनीहरूले प्रतिबद्धताअनुसार काम गरेनन् । उनीहरूले जनतालाई धेरै पटक लोभ देखाएर मत लिए । जनताको मत लिएर काम नगर्ने दल र दलका उम्मेदवारलाई अहिले जनताले चिन्नुपर्छ । जनतालाई लात मार्ने, विश्वासघात गर्ने र प्रतिबद्धता पूरा नगर्ने दल र दलका उम्मेदवारलाई फेरि आश्वासनको भरमा कसरी मतदान गर्ने ?

पुँजीवादी व्यवस्थामा हुने निर्वाचन निष्पक्ष हुनेमा शङ्का छ । जसरी भए पनि जित्नको निम्ति ठुला या शासक दलहरू निर्वाचनमा साम, दाम, दण्ड र भेदको नीति अँगाल्छन् । पैसा बाँड्ने, लोभलालच देखाउने, जागिर खुवाउने जस्ता आश्वासनको पोको बाँडेर जितेका दल र दलका उम्मेदवारले विगतमा के गरे ? यसबारे जनताले समीक्षा गर्नुपर्छ, मूल्याङ्कन गर्नुपर्छ । जनताले कुनै दलको आश्वासन होइन व्यवहारलाई विश्वास गर्नुपर्छ । भ्रष्टाचार अन्त्य गर्ने, ठगेको सहकारी रकम फिर्ता दिलाउने प्रतिबद्धता पनि व्यक्त भएको पाइन्छ । भ्रष्टाचार अन्त्य गर्ने र सहकारी ठगमाथि कारबाही गरेर जनताको पैसा फिर्ता दिने कुरा विगतको सरकारले पनि गरेकै हो । तर, न भ्रष्टाचारीमाथि कारबाही भयो न त ठगेको सहकारी रकम सहकारी पीडितले नै पाए । अत: पैसा, उपहार र पदको लोभमा कुनै नेपालीले विदेशीको दलाली गर्नुहुँदैन । निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित बनाउन सरकार, निर्वाचन आयोग, राजनीतिक दल, सुरक्षाकर्मी, नागरिक समाज तथा सबै पक्षको उत्तिकै आवश्यक छ ।

सरकारी तथ्याङ्कअनुसार जेनजी आन्दोलनको क्रममा जेलबाट भागेका, हतियार लिएर फरार भएका सबैलाई सरकारले नियन्त्रणमा लिन सकेको छैन । यो निर्वाचनमा कुनै पनि बेला जेलबाट भागेका र हतियार लिएर गएका व्यक्तिले चुनाव बिथोल्न सक्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । निर्वाचनलाई उपयोग गर्नु पनि राजनीतिक अधिकार हो । राजनीतिक अधिकार उपयोग गरी जनताविरोधी दल र दलका उम्मेदवारलाई जिताउनु हुँदैन । जनताको आफ्नो अमूल्य भोट सही उम्मेदवारको निम्ति उपयोग हुनुपर्छ । सही मतदाताले सही उम्मेदवार छान्नुपर्छ । सही उम्मेदवार जिताउन कतिपटक भोट हाल्ने भनेर गलत व्यक्ति चयन गर्नु हुँदैन । संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने या बहुसङ्ख्यक जनताको हितको निम्ति सदन र सडकमा सङ्घर्ष गर्ने दल र दलका उम्मेदवार छान्नुपर्छ ।

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायको विषयमा आवाज बुलन्द गर्ने, देशको सीमा र भूमि जोगाउनको निम्ति सङ्घर्षरत दल सदनमा आवश्यक छ । सदनमा प्रखर प्रतिपक्षको भूमिका खेल्ने सांसदहरू आवश्यक हुन्छ । प्राकृतिक स्रोत र सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्न लड्ने सांसद आवश्यक हुन्छ । किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउन लड्ने सांसद आवश्यक हुन्छ । क्रान्तिकारी भूमिसुधारमार्फत देशलाई कृषिमा आत्मनिर्भर बनाउन र रासायनिक मल कारखाना स्थापना गराउन सङ्घर्ष गर्ने सांसद आवश्यक हुन्छ । देशका उद्योगधन्दा तथा सहकारी संस्थान निरन्तर चलाउन, निजीकरण रोक्न र कौडीको मूल्यमा व्यक्तिलाई बेच्ने काम रोक्न पहल गर्ने सांसद आवश्यक हुन्छ । देश र जनताका यस्ता सांसदहरू जिताउन नै जनताले आफ्नो अमूल्य मत सही उम्मेदवारलाई छान्ने हो; छान्नुपर्छ ।

# निर्वाचन घोषणापत्रको लडाइँ हो हात्तीको देखाउने दाँत होइन !



रामप्रसाद प्रजापति

**निर्वाचन घोषणापत्र**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) भन्नुहुन्छ, "निर्वाचन घोषणापत्रहरूको लडाइँ हो ।" "निर्वाचन जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो ।"

निर्वाचनमा उम्मेदवार बनेका मानिसहरूको व्यक्तित्व र भाषणले होइन, राजनीतिक दलले बोकेको राजनीतिक सिद्धान्त, विचार र निर्वाचनमा जारी गरेको घोषणापत्रको अध्ययन गरी आम मतदाताले देशभक्तहरूलाई आफ्नो अमूल्य मतदात गर्नुपर्ने हुन्छ ।

राजनीतिक दलहरूको विचार र सिद्धान्त तथा निर्वाचन घोषणापत्रको अध्ययन नगरी हचुवा भरमा मतदान गर्दा देश र आम नेपाली जनतालाई धोखा हुनसक्नेबारे हामी सबै सचेत हुनैपर्छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो निर्वाचन घोषणापत्र जारी गर्ने क्रम सुरु भइसकेको छ ।

केही राजनीतिक दलहरूले विगतदेखि नै जनतालाई गुलियो पोतेको महत्त्वाकाङ्क्षी घोषणापत्र जारी गर्ने गरेको पाउँछौँ । तर, हामी आम नागरिकलाई महत्त्वाकाङ्क्षी घोषणापत्रभन्दा पनि दैनिक जनजीविकामा सुधार, सुलभ आम उपभोग्य वस्तुको पहुँच, बजारभाउ नियन्त्रण तथा आधारभूत आवश्यकताका सेवाहरू शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क र रोजगारीको बन्दोबस्तको खाँचो हो ।

हामीलाई स्वीजरल्यान्ड, बेलायत, अमेरिका, सिङ्गापुरको जस्तो बन्दोबस्त होइन, नेपाल र नेपाली संस्कृतिअनुसारको मौलिक बन्दोबस्तमा बाँच्न पाउने अधिकारको सुनिश्चितता आवश्यक परेको हो ।

आश्वासनहरूको पोकोले न त देश बन्छ न जनताका आधारभूत आवश्यकताको परिपूर्ति नै हुने गरेको छ । दशकौँदेखि पटक-पटक सत्ता र सरकारमा पुगेका राजनीतिक दलहरूले कृषकहरूलाई आवश्यक मलखाद्को समयमै बन्दोबस्त गर्न नसक्नु ती राजनीतिक दल र तिनका नेताहरूको अकर्मण्यता र पाखण्डपन हो ।

नाङ्गो विदेशी हस्तक्षेपले देशमा अराजकता बढेकोमा हामी सबै सचेत हुनैपर्छ । एमसीसीजस्ता विदेशीको प्रत्यक्ष हस्तक्षेप हुने सन्धि सम्झौता गरेर देशलाई विदेशीको पोल्टामा सुम्पने विभीषणहरूलाई हराउनै पर्छ ।

**नयाँ दलले जनतालाई धोखा**

नीति तथा कार्यक्रमसहितको निर्वाचन घोषणापत्र हल्ला होइन, सत्य र ठोस हुनु जरुरी छ ।

हामीलाई अहिले पनि स्मरण छ, निर्वाचन आयोगमा एउटा नयाँ राजनीतिक दल दर्ता भयो । त्यो राजनीतिक दलको राजनीतिक मार्गचित्र के हो ? कस्तो राजनीतिक बन्दोबस्त स्थापना गर्न दल दर्ता गरियो ? केही स्पष्ट थिएन । अर्थात् राजनीतिक सिद्धान्त र विचारबिना सरकारमा पटक-पटक पुगेका पुराना राजनीतिक दलहरूविरुद्ध भ्रष्टाचारको आरोप लगाउँदै निर्वाचनमा भाग लियो ।

त्यो दलले निर्वाचनमा जनतासँग हामी ती पुराना भ्रष्ट राजनीतिक दलहरूसँग कुनै हालतमा सरकारमा सहभागी हुन्नौं, सरकारमा जाँदैनौं भनेर मत मागे ।

सोझा नेपाली मतदाताहरूले मत दिए । २६५ प्रतिनिधिसभा सदस्यमध्ये २० जना सदस्य पाएको त्यो दलले निर्वाचन परिणाम घोषणा भएको २/४ दिनमै ती नै पुराना राजनीतिक दलहरूसँग घाँटी जोडे । सरकारमा सहभागी भए ।

त्यो नयाँ दलको जनताप्रतिको धोखा हो ।

सरकारमा पुगेको महिना दिनमै सत्ताबाट बाहिरिएको त्यो दल पुन: केही महिनापछि अर्को पुरानै राजनीतिक दलसँग सरकारमा जोडिए । पुन: जनतालाई धोखा दिए ।

फेरि पनि ती नयाँ भनिएका दलहरू जनताका घरदैलो आउँदै होलान्, प्यास लाग्यो भन्दैमा बिष पिउनु उचित होइन । पुराना सरकारमा पटक-पटक पुगेका दलहरू भ्रष्ट भन्दैमा सबै छैनन् । नेमकिपा पनि निर्वाचनको मैदानमा देशभरका १२० निर्वाचन क्षेत्रमा प्रत्यक्ष उम्मेदवारहरू र ११० समानुपातिक उम्मेदवारहरूसहित नि:स्वार्थ सेवा गर्न तत्पर छ ।

यसरी पटक-पटक सरकारमा पुगेर जनतालाई निर्वाचनताका एक थरी कुरा गर्ने, निर्वाचनपछि अर्को थरी व्यवहार देखाई धोखा दिने दलले विदेशीको इसारामा विदेशीकै भरमा अहिले पनि आम नेपाली जनतामाझ भ्रम र आश्वासनका पोका बाँड्दै छन् । यसप्रति हामी सबै देशभक्त र इमानदार जनता एकजुट हुनु जरुरी छ ।

**विदेशी हस्तक्षेपविरुद्ध नेमकिपा**

नेपाल मजदुर किसान पार्टी प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्ने र जनताको नि:स्वार्थ सेवा गर्ने पार्टी हो । सरकारका भ्रष्टाचार, पक्षपात, अनियमितताको निरन्तर विरोध र खबरदारी गर्दै जनतालाई नि:शुल्क शिक्षा, स्वास्थ्य उपचार र युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्नेमा सङ्घर्ष गर्ने देशभक्त र स्वाभिमानी नेपालीहरूको दल हो ।

नेमकिपाले विदेशीको भरमा होइन, आफ्नै बलबुत्तामा आत्मनिर्भर भई देशको विकास गर्न सकिनेबारे निरन्तर वकालत गर्दै आएको छ ।

सार्वजनिक ऋण २८ खरब पुऱ्याई देशको विकास गरेको भन्ने पटक-पटक सरकारमा पुगेका राजनीतिक दल र करोडौँ खर्च गरेर जसरी भए पनि निर्वाचन जित्नैपर्ने तिनका उम्मेदवारहरूलाई यो पटक फागुन २१ को निर्वाचनमा हराउनैपर्छ ।

३ करोड जनसङ्ख्यामध्ये झन्डै ८० लाख नेपाली युवाशक्ति रोजगारी र अध्ययनको सिलसिलामा विदेशमा छन् । देशभरका खेत खलियान, पाखा, बगैचा बाँझो छ । 'कान्तिपुर' दैनिकमा आइतबार प्रकाशित एउटा समाचारको शीर्षक थियो- "कुनै बेलाको गुलजार सातबाँझ बगैँचा स्याउविहीन बन्दै" ।

यो त एउटा प्रतिनिधि घटना मात्रै हो । ८० लाख नेपाली विदेसिने बाटोमा विगतका सरकार, स्यानपावरका मतियारहरू लागेपछि परिणाम योभन्दा फरक के होला ? उक्त समाचारमा मुलुकमा सशस्त्र द्वन्द्वका बेला तत्कालीन विद्रोही पक्षले फलफूल केन्द्रका कार्यालयमा आगजनी गरेपछि बगैँचा र नर्सरीको रेखदेख गर्ने कोही नभएको स्थानीयले बताएको उल्लेख छ ।

आन्दोलन देश बनाउन कि देश भत्काउन भन्ने हामीले छर्लङ्गै देखेका छौँ । काङ्ग्रेस, एमाले, माओवादी र नयाँ भनिएकाहरू पनि लागेर एमसीसी र एसपीपीजस्ता देशघाती सन्धि सम्झौता गरेका छन् । देशको सार्वभौमिकता जोगाउन, नाङ्गो वैदेशिक हस्तक्षेपलाई परास्त गर्न देशभक्तहरूको नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई जिताउन र प्रतिनिधिसभामा पुऱ्याउन जरुरी छ ।

दैनिक उपभोग्य वस्तुसमेत खरबौँको विदेशबाट आयात गरी खान बाध्य छौँ । व्यापार घाटा बढ्दो छ । तर, निर्वाचनमा ठुला भनिएका राजनीतिक दलहरू र नयाँ भनिएका राजनीतिक दलहरूले जनतालाई फेरि पनि झुटा एवं आश्वासनको पोकाले भरिएका घोषणापत्र जारी गर्दै छन् । हामी सबै सचेत हुनैपर्छ ।

**नेमकिपाको घोषणापत्र सार्वजनिक**

यसैक्रममा फागुन ३ गते नेपाल मजदुर किसान पार्टीले पनि निर्वाचन घोषणापत्र सार्वजनिक गरेको छ ।

देश र जनताको नि:स्वार्थ सेवा गरौं; समाजवादी प्रचार अभियान अगाडि बढाऔँ भन्दै प्रतिनिधिसभा निर्वाचन घोषणापत्र २०८२ काठमाडौँमा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेंले सार्वजनिक गर्नुभयो ।

घोषणापत्रमा वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा चर्चा गर्दै संरा अमेरिकाले जसरी संसारका विभिन्न देशहरूमा युद्ध, आतङ्क, अमानवीय नाकाबन्दी लगाउँदै आएको छ त्यसरी नै नेपालमा पनि संरा अमेरिकाकै इशारामा विभिन्न गतिविति बढेको चर्चा छ ।

'रङ्गीन क्रान्ति' को आवरणमा अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठुलो बल प्रयोग गर्दै छ । क्यानाडालाई संयुक्त राज्य अमेरिकाको ५१ औँ राज्य बनाउने, डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्ने, पनामा नहर कब्जा गर्ने र मेक्सिकोमाथि बढाउँदै लगिएको दबाबले ट्रम्प प्रशासनको 'जङ्गलीराज' उजागर भइरहेको घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा संसद्लाई जीवन्त र व्यावहारिक बनाउनुपर्ने, नेपालको खोटपूर्ण परराष्ट्र नीति सुधार गर्नुपर्ने, कृषि, उद्योग र देशभित्रै रोजगारीलाई प्राथमिकता दिनुपर्ने, शिक्षा र स्वास्थ्य उपचारलाई नि:शुल्क तथा विकेन्द्रित गर्नुपर्ने, यातायात र सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने, नेपालको जल सम्पदा र समस्या समाधान गरी स्वस्थ खानेपानी, बिजुली र उद्योगधन्दाका लागि आवश्यक स्रोत साधन पूरा गर्नुपर्ने, नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालका सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेना आएर परेड खेल्ने एसपीपी साझेदारी खारेज गराउन नेमकिपाले जोड दिने उल्लेख छ ।

यसैबिच आइतबार शिवरात्रीको अवसर पारी काठमाडौँको सैनिक मञ्चमा आयोजना गरेको सैनिक दिवसमा दर्जनौँ संरा अमेरिकी सेना सहभागी रहेको समाचार छ ।

नेमकिपाको घोषणापत्रमा कला, संस्कृति, सम्पदा र पर्यटनलाई पनि जोड दिइएको छ । त्यस्तै गरिबी निवारण तथा सहकारीको ठगी, भ्रष्टाचार र समाधान, नागरिकता, न्यायालय, आयोग, सेना, प्रहरीका मुख्य पद निर्वाचन गराउनुपर्नेबारे स्पष्ट धारणा घोषणापत्रमा उल्लेख गरिएको छ ।

देशको सन्तुलित विकास, महिला अधिकार, युवा, खेलकुद र प्रविधिका बारेमा पनि घोषणापत्रले स्पष्ट पारेको छ ।

संविधान निर्माणकै बेला नेमकिपाले देश र जनताको हितमा प्रस्तावनासहित ७१ बुँदामा संशोधन राखेको उल्लेख गर्दै संविधान हेरफेर स्वाभाविक हुने, तीन प्रतिशतको मतसीमाको प्रावधान खारेज हुनुपर्ने, अनिवार्य सैनिक तालिमको बन्दोबस्त, देशद्रोही एवम् जघन्य अपराधी तथा ठुल्ठुला भ्रष्टाचारी, बलात्कारी र चेलीबेटी बेचबिखन गर्नेहरूलाई मृत्युदण्डको सजाय दिने बन्दोबस्त, खुला सीमा नियमनको लागि संविधान संशोधन जरुरी रहेको घोषणापत्रमा उल्लेख छ ।

२०८२ फागुन ३

# तिब्बतका लागि प्रस्थान

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

'प्रजातान्त्रिक तिब्बत' को सुरुवात भएको हेर्ने पहिलो विदेशी टोली हामी थियौँ । आयोजक पेचिङ जन दैनिक (Peking People's Daily) का प्रतिनिधिहरूबाहेक पनि हामी १९ देशहरूबाट प्रतिनिधित्व गर्ने १९ जना लेखकहरू, रेडियो र टीभीका प्रस्तोताहरू ल्हासातर्फ उड्यौँ । ल्हासा १२,२००- १५,००० फिट उचाइमा अवस्थित घाँसे मैदान हो । चरनहरू योभन्दा बढी उचाइमा छन् र उडान हुने उचाइ कम्तीमा पनि २१,००० फिटको छ ।

तिब्बतको नयाँ सरकारले १७ जुलाई १९५९ मा कानुनी रूपमा भूदास प्रथाको अन्त गरेको एक महिनापछि नै भूदासहरूको सङ्ख्यामा निकै कमी भयो । कानुन कार्यान्वयन गर्ने निकाय गठन हुन बाँकी नै थियो । हामी त्यही कुरा हेर्न गएका थियौँ ।

५ महिनाअघि मात्रै ल्हासामा विद्रोहीहरूले हिंसा भड्काएका थिए । त्यसको नेतृत्व ६ जनामध्ये ४ जना कालूनहरू (Kaloons) अर्थात् स्थानीय सरकारसाग (Kashag) का मन्त्रीहरू र माथिल्लो दर्जाका भिक्षुहरूले गरेका थिए । तिनीहरू चीनले तिब्बतलाई छोड्नुपर्ने माग गर्दै केन्द्रीय सरकारका सबै कार्यालयहरू र तोपखानामा आक्रमण गर्न सैनिक प्रयोग गरे । विद्रोहलाई छिट्टै दबाइयो । केही विद्रोही नेताहरू पक्राउ परे, अरुहरू दलाइ लामासँगै भारतमा भागे ।

सुधारका क्रममा यस्ता घटनाहरू धेरै लामो समयसम्म भइरहे । स्थानीय सरकार कासागका बहुमत विद्रोही नेताहरू मार्च २८ को दिन भाग्ने तयारी गरिरहँदा चिनियाँ राज्य परिषद् (State Council of China) ले तिब्बतको स्थानीय सरकार कासाग भङ्ग गर्ने र स्थानीय सरकार, तिब्बती स्वायत्त प्रदेशको तयारी वा तदर्थ समिति (Preparatory Committee for the Tibetan Autono–mous Region) को हातमा दिने निर्णय गर्यो । १९५६ मा गठित सो तदर्थ समितिले पहिलेको तिब्बती सरकारको भन्दा बृहत् प्रतिनिधित्व गर्दथ्यो । यसले पहिले द्वन्द्व भएका क्षेत्रहरूलाई समेत एकीकृत गर्दथ्यो ।

यसका अध्यक्ष दलाइ लामा थिए । उनको उपस्थिति नभए पनि अहिले उनी नै स्थापना गरिएका अध्यक्ष थिए । पन्चेन एर्डेनी (Panchen Erdeni) त्यसको उपाध्यक्ष थिए । दलाइ लामा नफर्केसम्मका लागि उनलाई कार्यकारी अध्यक्ष बनाइयो । सैनिक विद्रोहमा संलग्न समितिका सदस्यहरूलाई निलम्बन गरियो र तिनीहरूको ठाउँमा नयाँ सदस्यहरू नियुक्त गरिए । कुनै बाधा अवरोधबिना सरकार चलिरह्यो र दुई वर्षभन्दा अगाडि नै तिब्बतभरि यसले प्रशंसा प्राप्त गर्यो । यद्यपि नीतिहरू परिवर्तन भए ।

तदर्थ समितिको पहिलो अधिवेशन अप्रिल ८ मा सम्पन्न भयो । त्यसबेला विद्रोहीहरूले ल्हासा पार गरिसकेका थिए तर लोका (Loka) वा टाकुन (Takun) छिरेका थिएनन् । त्यो सरकारले घोषणा गरेभन्दा केही बढी नै काम गर्यो र सरकारको जिम्मेवारी वहन गर्यो । त्यसपछि यसका सदस्यहरू चिनियाँ सरकार, राष्ट्रिय जनसभा अर्थात प्रतिनिधिसभा (National People's Congress) मा भाग लिनका लागि पेचिङ (Peking) गए । तिनीहरूमध्ये धेरैजना त्यसका सभासद् थिए । तिनीहरू फर्केपछि सो तदर्थ समितिको दोस्रो बैठक जून २८ को दिन सुरु भएर केही हप्तासम्म चल्यो । सबै क्षेत्रका जनतालाई सो सभा अवलोकन गर्न निमन्त्रणा गरिएको थियो । तिब्बतको लामो इतिहासमा पहिलो पल्ट भूदासहरू आफ्ना मालिकहरूसँगै एउटै कोठामा बसेका थिए । ती दुईवटा सभाबिचको अन्तरालमा विद्रोहीहरू लोका र अन्य ठाउँहरूमा समाप्त भए र तिब्बतभरि किसान बैठकहरू सम्पन्न भए । तिनीहरूले नयाँ सरकारलाई समर्थन गरे, समाधानका उपाय बताउँदै दासप्रथाको उन्मूलन र 'प्रजातान्त्रिक सुधार' (Democratic Reform) को माग गरे ।

त्यस प्रजातान्त्रिक सुधार दुई चरणमा लागू गरियो । व्यक्तिगत दासहरू र बलपूर्वक बनाइएका दासहरू उन्मूलन गरिए, उला (Ula) भनेर चिनिने विनाज्यालाको श्रम वा बेठ-बेगारी उन्मूलन गरियो, किसानहरूमा आधारित स्थानीय सरकारको गठनलाई लामो समयसम्म कायम राखियो र 'जमिन जोत्नेलाई' वितरण गरियो । कोही पनि मानिस कानुनभन्दा बाहिर रहेन । हरेक मानिसले आफ्नो स्वतन्त्रताको अधिकार पाए र हरेक समुदायले आफ्नै ऐन-नियम बनाए ।

पन्चेन लामा स्वयम्ले मठहरूमा महत्त्वपूर्ण उल्लेखनीय परिवर्तनहरू भएको घोषणा गरे 'लामाहरूमाथि मात्रै होइन, सर्वसाधारणमाथि पनि लादिएका अदालतहरू, कारागारहरू, यातना प्रणाली र कोर्रा हान्ने प्रणालीको अन्त गरिनुपर्छ र धर्मभन्दा बाहिर कानुनअन्तर्गत प्रान्तीय अदालतको प्रणाली लागू गर्नुपर्छ ।' त्यहीबेला सबै लामाहरूलाई नागरिकका रूपमा 'मानिसको स्वतन्त्रता' (Freedom of person) दिइयो । यसको अर्थ तिनीहरूलाई स्वेच्छाले मठलाई छोड्ने र बिहे गर्ने अधिकार दिइयो । धेरैजसो सानै उमेरमा मठमा आएका थिए र तिनीहरूले कहिल्यै स्वतन्त्र निर्णय गर्न पाएनन् । तल्लो तहका लामाहरूले आफू बसेको मठलाई छोड्ने कुरामा कसैलाई शङ्का थिएन । सभाको छलफलमा भनिएझैं तिनीहरू 'भिक्षुको भेषमा दासहरू' थिए ।

कानुनी तवरमा बाल-बालिकाहरूलाई मठ छोड्ने स्वतन्त्रता भएपछि मठहरूको सङ्ख्यामा कमी आउने सम्भावना थियो । मठहरू घट्नु भनेको तिब्बतका लागि महत्त्वपूर्ण लाभ हुनु हो । तिब्बतमा भिक्षुहरूलाई बिहे गर्न र सन्तान जन्माउन बन्देज लगाइएको थियो र भिक्षुहरू शील उपदेशलाई महामारी प्लेगले पछ्याएजस्तै पछ्याउने हुनाले लामो समयदेखि तिब्बतको जनसङ्ख्या घट्ने क्रममा थियो । बिहेवारी र जन्मदर बढ्नेछ र शताब्दीऔँ अगाडि देखिको जनसङ्ख्या घट्ने क्रम अन्त हुनेछ ।

ती परिवर्तनहरू जुलाई १७ को पुनःसमाधान पछि मात्र सुरु भएका थिए । भ्रमण दलका सदस्यहरू तिब्बतमा जाने र हेर्ने सौभाग्य पाएका पहिलो विदेशीहरू थिए ।

भ्रमण दल २:३० बजे चिङ्घाई प्रान्तको राजधानी सिनिङ (Sining) मा पुग्यो । प्रान्तीय अधिकारीसितको अन्तर्वार्ताबाट सिनिङ सहर चिङ्घाई (Chinghai) भन्दा धेरै पुरानो भएको थाहा भयो । यो १४०० वर्ष अगाडिको ताङ वंश (Tang Dynasty) को सुरक्षा पर्खाल रहेछ । अर्का अधिकारीबाट थाहा भयो चिङ्घाई प्रान्त ठूलो प्रशासनिक एकाइका रूपमा गठन भएको रहेछ । यसमा सेन्सी (Shenisi) र कान्सु (Kansu) पर्दछ ।

यसको हालको पर्खाल १९२९ मा बनाइएको थियो । त्यसबेला युद्ध सरदारहरूमध्येका बर्बर तथा क्रूर युद्ध सरदार मा पु फाङ (Ma Pu Fang) ले च्याङ काई सेक (Chiang Kai Shek) सित सम्बन्ध गाँसेको थियो । चिङ्घाई तिब्बतसँग जोडियो र 'विश्वको छानो' (Roof of the World) को हिस्सा भयो । सिनिङ वरपरको उत्तरी भाग ७-८ हजार फीट उचाइमा छ र दक्षिणी भागमा ठूलो पहाडी श्रृङ्खलाहरू र उच्च उपत्यकाहरू छन् ।

दलाइ लामाले जून ३० को दिन भारतबाट निकालेको चीनविरोधी वक्तव्यमा 'ठूलो तिब्बत' (Greater Tibet) का लागि चिङ्घाइका अधिकांश भागको दाबी गरे । 'किन ती पाँचवटा स्वायत्त तिब्बतको भूभागलाई किन चिङ्घाइमा जोडियो ?' वास्तवमा ती तिब्बतका विभिन्न पाँच वटा चिङ्घाईमा जोडिएका क्षेत्रहरू उच्च पहाडी श्रृङ्खलाहरूले गर्दा यति धेरै भिन्न छन् कि तिनीहरू बिरलै मात्र एक अर्कालाई बुझ्छन् । त्यसैले एउटै नवनाई पाँच क्षेत्रहरू भएका हुन् ।

"अहिले चिङ्घाईमा दाबी गरेजस्तै के कुनै कालमा ल्हासाका कुनै भागमा चीनले शासन गरेको थियो त ?" मैले सोधेँ ।

"कहिले पनि चिनियाँ शासकहरूले त्यसरी शासन गरेनन् । तिनीहरूले क्षेत्रीय अधिकारीहरूलाई नै प्रत्यक्ष शासनाधिकार दिए ।"

लामो सामन्ती शासनमा मठहरू स्वयम्बाट धर्माधिकारी शासनको अभ्यास भएको थियो । तिनीहरूको स्वामित्वमा रहेको धेरै जग्गाजमिन तिनीहरू अरुलाई गर्न दिन्थे र दबाउँथे । माथिल्ला तहका लामाहरू ल्हासामा



दास-मालिकको नियन्त्रणबाट मुक्त भएपछि पूर्व भूदासहरू पहिलो पटक जमिन जोत्ने तयारीमा एक परम्परागत समारोह गर्दै ।

तीर्थ गर्न जान्थे र बुरियत मङ्गोलिया (Buriat Mongolia) सम्मबाट नजराना उठाउँथे । बुरियत मङ्गोलिया अहिले सोभियत सङ्घ (USSR) मा पर्छ । तर, सोही जातिले चीनको केन्द्रीय सरकारले मान्यता दिएको अध्यक्षलाई नजराना तिर्छ र ल्हासा स्वयम्ले पनि ताङ वंश (Tang Dynasty) देखि पेचिङलाई नजराना दिँदै आएको छ । ल्हासामा धर्ममा आधारित नभएको सरकार कासाग (Kashag) को गठनपछि यसले आदेशअनुसार कहिल्यै ताङ ला (Tang La) पहाडी श्रृङ्खला पार गरेन । दलाइ लामाले अहिले विदेशी भूमिमा बसेर गरेको दाबी उनका आफ्ना भनाइहरू होइनन् ।

हान जातिलाई बसोबास गराएर तिब्बतीहरूलाई सखाप पार्न पेचिङ लागिरहेको भन्ने दलाइ लामाको दाबी निराधार छ । तिब्बती नयाँ सरकारले तिब्बतको कुनै पनि ठाउँमा नयाँ बसोबास गराएको छैन । दोस्रो दिनदेखि सबैजना गुमबुम मठ (Gumbum Monastery) भ्रमणका लागि तयारी गर्दै थिए । तिब्बतमा अहिले लोप भइसकेको धर्म पहेँलो मत (Yellow Sect) का प्रवर्तक तथा १४ औं शताब्दीका महान् सुधारक सोङ खापा (Tsong Khapa) को जन्मस्थलको रूपमा यो ठाउँ प्रख्यात छ । उनका १० जनामा २ जना शिष्यले पुनर्जन्म लिन्छ भन्ने किंवदन्ती छ र दलाइ लामा र पन्चेन एर्डेनी उनका पुनर्जन्म लिने शिष्यहरू हुन् भनिन्छ ।

गुमबुम मठमा पहिला तीन हजार लामा बस्ने गरेका थिए । किसानहरूले जग्गा पाएपछि र लामाहरूले 'नागरिक स्वतन्त्रता' पाएपछि अहिले त्यहाँ ४९६ मात्र लामाहरू बाँकी भए ।

**ल्हासाको रमणीय यात्रा**

अगस्त ११ को दिन सिनिङमा भ्रमण दलका सदस्यहरू सुत्ने बेलासम्म पनि आकाश गर्जिरहेको र चट्याङ परेको थियो । भोलिपल्ट बिहान मिर्मिरेमा ताराहरू चम्किरहेका थिए र मौसम सफा भइसकेको थियो ।

सिनिङमा ४ दिन र पेइटाइहो (Peitaiho) मा एक दिन आराम गरिसकेपछि सबैजना हिँड्नका लागि तयार भए । भ्रमण दल ६ बजे होटेलबाट हिँड्यो, सोभियत सङ्घमा निर्मित ४ वटा विमानहरू लहरै राखिएका थिए । प्रत्येक विमानमा ८ जना अटाउँथ्यो । भ्रमण दलमा ३० जनाभन्दा बढी सदस्यहरू थिए - १९ जना विदेशी प्रतिनिधि, दुई जना चिनियाँ आयोजक, दोभाषेहरू र डाक्टर र बाटो देखाउने स्थानीय विमानस्थलका उच्च अधिकारीहरू ।

त्यस बाटोमा उडान गर्ने सबैभन्दा वृद्ध म नै भएकी हुँदा तिब्बतसम्मको यात्रा सुरक्षितसाथ मात्र नभई राम्रो स्वास्थ्यका साथ यात्रा गराउन तिनीहरूले 'हेरचाहपूर्वक ठीक ठाउँमा' (Right side up with care) भन्ने कार्यक्रम बनाएर मेरा लागि विशेष बिछ्यौनाको जोहो गर्नतिर लागे ।

क्षितिजमा सूर्य देखापरिसकेको थियो । २० मिनेटपछि हावा मापक यन्त्र (Barometer) ले ४५०० मिटर माथि देखायो । पहिले ठूलो नुन ताल (Great Salt Lake) देखियो । चिनियाँहरू आज यसलाई चिङ्घाई (Chinghai) भन्छन् र यसैको नामबाट प्रान्तको नामकरण भएको हो ।



सन् १९५९ मार्चमा १२ देशका १२ जना पत्रकारहरू पोताला दरबारमा

भ्रमण दल ६६०० मिटर (झण्डै २२००० फिटको) उचाइमा पुग्यो । ताङ ला पहाडी श्रृङ्खला २०,००० फीट उचाइको मात्र होइन धेरै लामो र फराकिलो पनि छ । चिङ्घाई र तिब्बतबिचको त्यस ठूलो अवरोधलाई हटाउने कुनै उपाय छैन । ११ बजे भ्रमण दल तिब्बतको विमानस्थलमा पुग्यो । विमानभित्रबाट देखिएका दृश्यहरू तेजस्वी टुप्पोहरूमा फुलेका गुलाफ र लामो हरिया हिमालहरूमा देखिएका घाँसे मैदान प्रकाशमै हराए ।

भ्रमण दललाई ल्हासामा स्वागत समितिले स्वागत गर्यो । तिनीहरूले १३ वटा मोटर पनि साथमा ल्याएका थिए । केही वर्षअघि ठेलागाडा पनि नपुगेको ल्हासामा मोटर पुगेको थियो । अघिल्लो स्थानीय सरकार कासागले पेचिङलाई नजिकको अखडामा आउने अनुमति दिएको थिएन । तेस्रो अचम्म, पश्चिमी सञ्चारले तिब्बतका क्रूर दमनकर्ताको रूपमा प्रचार गरेको चीनको केन्द्रीय सरकारले तिब्बतमा विमान सञ्चालनजस्तो राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण क्षेत्रहरू समेत स्थानीय सरकारलाई जिम्मा दिएको थियो ।

दिवाभोजको समयमा प्रचार विभाग प्रमुख फाङ त्से सिङ (Fang Tse–Shing) ले आफ्नो छोटो भाषणमा भने, "लाखौं भू-दासहरू उठे तिनीहरूले पुरानो भूदास प्रथालाई गाडे र नयाँ तिब्बतको निर्माण गरे । शताब्दीऔंसम्म सामन्तवादमा रुमल्लिएको यो भूमिले जीवन पाएको छ । यसका जनताले अब आफ्नै हातले आफ्नो भाग्य निर्माण गर्नेछन् । तिनीहरू प्रजातान्त्रिक तिब्बतको निर्माण गरिरहेका छन् र पछि समाजवादी तिब्बतको निर्माण हुनेछ । सामन्तवादका उद्घोषहरू सबै बेकार भएका छन् । इतिहासको पाङ्ग्रो सधैं अगाडि नै बढ्छ, पछाडि होइन ।"

साँझ हुनुअघि नै ल्हासा पुग्नका लागि हामी कम उचाइमा झर्यौं । पशुहरूको बिचमा वा ढुङ्गाको ओत लाग्ने ठाउँमा गोठालाहरू देखिए । तिनीहरूले लगाएको झुत्रो र मैलो लुगाहरूले तिनीहरूको अविश्वसनीय गरिबीलाई सङ्केत गर्दै थियो ।

भ्रमण दल हिँडिरहेको सडक फराकिलो र आवागमन व्यवस्थित थियो । त्यो सिनिङ - ल्हासा प्रमुख राजमार्गको एउटा भाग थियो । भ्रमण दलले ल्हासा पुग्न्जेलसम्ममा ५७ वटा सामान ओसार्ने ट्रकहरू बाटोमा भेट्यो । बाटामा धेरै पुरुष र महिलाहरू पुनः निर्माण समूहहरू थिए । हरेकपल्ट हरेक टोलीले भ्रमण दललाई स्वागत गर्थ्यो । महिलाहरूको समूह काम गर्दागर्दै गाइरहेको थियो ।

१९५५ मा तिब्बत भ्रमण गरिसकेका प्रतिनिधिले तिब्बतमा पहिले कहिल्यै सुखी (livelier) मानिस नदेखेको बताए । 'तिनीहरू पहिले यस्ता थिएनन् । तिनीहरू सजीव भएका छन् ।'

विस्तारै भ्रमण दल उच्च पहाडबाट उपत्यकामा झर्यो । अगाडि बाटो हिमालको खोचै खोँच तल झर्यो । ड्रीपुङ (Drepung) भनिने ठूलो मठ पार गरेर ठूलो उपत्यकामा प्रवेश गर्दा पश्चिममा सूर्य डुबिसकेको थियो । ड्रीपुङ तिब्बतको सबैभन्दा ठूलो मठ हो ।

**स्रोतः तिब्बतका भू-दासहरू उठ्दा**



## चीनको वसन्त महोत्सवमा यिङगे नृत्य

पेइचिङ, २१ फेब्रुअरी (सिन्ह्वा) । मध्य चीनको हुबेई प्रान्तको सियाओगानको एक रमणीय क्षेत्रमा यिङगे नृत्य प्रदर्शनको आनन्द लिइरहेको चिनियाँहरू । वसन्त महोत्सवको बिदाको समयमा, धेरै यिङगे नृत्य टोलीहरूले चीनभरि अद्भूत प्रदर्शनहरू प्रस्तुत गरेका छन् ।

यिङगे नृत्य वा 'नायकको गीतमा नृत्य', दक्षिण चीनको ग्वाङडोङ प्रान्तको लोकनृत्य हो । यसले हालैका वर्षहरूमा राष्ट्रव्यापी रूपमा बढ्दो लोकप्रियता कमाएको छ । रङ्गमञ्च, नृत्य र मार्शल आर्टको गतिशील मिश्रणको रूपमा यसलाई २००६ मा राष्ट्रिय अमूर्त सांस्कृतिक सम्पदाको पहिलो समूहमा सूचिबद्ध गरिएको थियो ।

*(हु जुएजुन/सिन्ह्वा द्वारा फोटो)*

## विश्व सङ्क्षेप

### कजाकिस्तान र रूसद्वारा संयुक्त हवाई रक्षा अभ्यास सुरु

अस्ताना(काजकिस्तान), ९ फागुन (सिन्ह्वा) । कजाकिस्तान र रूसले आफ्नो एकीकृत क्षेत्रीय हवाई रक्षा प्रणालीको एक हिस्साको रूपमा योजनाबद्ध संयुक्त हवाई रक्षा अभ्यास गरिरहेको काजिनफर्म समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ ।

फेब्रुअरी -२० देखि मार्च -१० सम्म चल्ने यो अभ्यासमा हवाई लक्ष्य पत्ता लगाउने र ट्र्याक गर्ने, हवाई क्षेत्र उल्लङ्घन गर्ने विमानलाई रोक्ने र उनीहरूलाई तोकिएको एयर फिल्डमा अवतरण गर्न बाध्य पार्ने विषयमा केन्द्रित रहेको काजकिस्तानको रक्षा मन्त्रालयले जनाएको छ ।

यस अभ्यासको उद्देश्य वायु रक्षा बलको समन्वय, लडाइँको तयारी र परिचालन क्षमता अभिवृद्धि गर्नु रहेको मन्त्रालयले स्पष्ट पारेको छ ।

### पूर्वी लेबनानमा भएको इजरायली आक्रमणमा तीन जना हिजबुल्लाह कमान्डरको मृत्यु

बेरुत, ९ फागुन (सिन्ह्वा) । पूर्वी लेबनानमा भएको इजरायली हवाई आक्रमणको श्रृङ्खलामा लेबनानको हिजबुल्लाह समूहका तीन जना कमान्डरहरूको मृत्यु हुनुका साथै आठ जना घाइते भएको जनाइएको छ । आक्रमणमा अन्य ३५ जना घाइते भएको लेबनानी सुरक्षा स्रोतले जनाएका छन् ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले पूर्वी लेबनानको रियाकमा रहेको भवनमा भएको हवाई आक्रमणमा १० जनाभन्दा बढीको मृत्यु भएको र ३० जनाभन्दा बढी घाइते भएको रिपोर्ट गरेको छ ।

लेबनानी नागरिक रक्षा स्रोतलाई उल्लेख गर्दै सिन्हुवाले मृतकको सङ्ख्या ११ पुगेको तथा ३५ जना घाइते भएको जनाएको छ । स्रोतका अनुसार बेपत्ता व्यक्तिहरूको खोजीको प्रयास भइरहेको छ ।

सुरक्षा स्रोतहरूलाई उल्लेख गर्दै सिन्हुवाले मृत्यु हुने तीन हिजबुल्लाह कमान्डरहरूमध्ये हुसेन मोहम्मद याघी, अली जाइद अल-मुसावी र मोहम्मद इब्राहिम अल-मुसावी रहेको जनाइको छ ।

हेजबुल्लाहले विज्ञप्ति जारी गर्दै कमान्डर हुसेन मोहम्मद याघीलाई शोक व्यक्त गर्दै हुसेन "लेबनान र यहाँका जनताको रक्षामा सहिद भएको जनाएको छ ।

लेबनानी सुरक्षा स्रोतहरूलाई उद्धृत गर्दै सिन्ह्वाले इजरायली लडाकु विमानहरूले हिजबुल्लाह साइटहरूसहित पूर्वी लेबनानका क्षेत्रहरूमा छ वटा हवाई आक्रमण गरेको जनाएको छ ।

सन् २०२४ नोभेम्बर-२७ देखि, हेजबुल्लाह र इजरायलबिच युद्धविराम सम्झौता लागू भएको छ । यस सम्झौताको बाबजुद, इजरायली सेनाले कहिलेकाहीँ लेबनानमा आक्रमण गरेको छ ।

## खनिज सहकार्यतर्फ भारत–ब्राजिल

नयाँ दिल्ली, ९ फागुन (एएफपी) । महत्त्वपूर्ण खनिज आपूर्ति शृङ्खलामा नयाँ आधार निर्माण गर्ने उद्देश्यसहित भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भा शनिबार नयाँ दिल्लीमा भेटवार्ता गर्दै हुनुहुन्छ । दुर्लभ खनिज तत्त्वमा चीनको प्रभाव घटाउने रणनीतिका बिच दुई देशबिच खनिज सहकार्यलाई प्राथमिकता दिइएको हो ।

ब्राजिलसँग विश्वको दोस्रो ठुलो दुर्लभ पृथ्वी (खनिज) भण्डार रहेको छ । यी तत्त्वहरू विद्युतीय सवारी, सौर्य प्यानल, स्मार्टफोन, जेट इन्जिनदेखि निर्देशित मिसाइलसम्मका प्रविधिमा प्रयोग हुन्छन् । चीनमाथिको निर्भरता घटाउन भारतले नयाँ आपूर्तिकर्ता खोज्दै घरेलु उत्पादन र पुनर्चक्रण विस्तार गरिरहेको छ। यसै सन्दर्भमा दुवै नेताबिच महत्त्वपूर्ण खनिजसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ ।

एक दर्जनभन्दा बढी मन्त्री र व्यवसायिक प्रतिनिधिसहित लुला बुधबार नयाँ दिल्लीमा विश्वव्यापी शिखर सम्मेलनका लागि आइपुग्नुभएको थियो । शनिबारको भेटमा व्यापार विस्तार, आपूर्ति शृङ्खला विविधीकरण र प्रविधिगत सहकार्यबारे छलफल हुने अधिकारीहरूले जनाएका छन् ।

सन् २०२५ मा १५ अर्ब डलर बराबरको द्विपक्षीय व्यापारसहित भारत ब्राजिलको निर्यातका लागि दसौँ ठुलो बजार बनेको छ । दुवै देशले सन् २०३० सम्म व्यापार २० अर्ब डलर पुऱ्याउने लक्ष्य लिएका छन् । ल्याटिन अमेरिकामा ब्राजिल भारतको सबैभन्दा ठुलो साझेदार हो । भारतमा ब्राजिलका प्रमुख निर्यात वस्तुमा चिनी, कच्चा तेल, वनस्पति तेल, कपास र फलामको अयस्क पर्छन् । तीमध्ये फलामको माग भारतको तीव्र पूर्वाधार विस्तार र औद्योगिक वृद्धिले बढाएको छ ।

दिल्लीस्थित काउन्सिल अन एनर्जी, इन्भाइरनमेन्ट एन्ड वाटरका विज्ञ ऋषभ जैनका अनुसार ब्राजिलसँगको सहकार्यले संयुक्त राज्य अमेरिका, फ्रान्स र युरोपेली सङ्घ (ईयू) सँग भारतले अघि बढाएको आपूर्ति शृङ्घला पहललाई पूरक बनाउनेछ । उहाँले विश्वव्यापी ग्लोबल साउथका गठबन्धनहरू स्थलगत स्रोतको पहुँच सुरक्षित गर्न र व्यापारका उदीयमान नियम आकार दिन महत्त्वपूर्ण हुने बताउनुभएको छ ।

सन् २०२५ मा अमेरिकी शुल्कले दुवै देश प्रभावित भएपछि मोदी र लुलाले बहुपक्षीय व्यापार प्रणालीमाथिको दबाब र विश्वव्यापी आर्थिक अवरोधबारे पनि छलफल गर्ने अपेक्षा गरिएको छ । वासिङटनले हालै घोषणा गरिएको सम्झौताअनुसार भारतीय सामानमा लगाइएका केही शुल्क फिर्ता लिने वाचा गरेको छ ।

ब्राजिलका कूटनीतिज्ञ सुसान क्लेब्याङ्कले दुई नेताबिच बहुपक्षवाद र अन्तर्राष्ट्रिय व्यापारका चुनौतीबारे विचार आदानप्रदान हुने बताउनुभएको छ । यसैबिच, एम्ब्रेयर र अडानी समूहले भारतमा विमान निर्माण गर्ने योजना सार्वजनिक गरेपछि ब्राजिलका कम्पनीहरूको उपस्थिति पनि विस्तार हुँदै गएको छ ।

लुलाले बिहीबार दिल्लीमा आयोजित एआई इम्प्याक्ट शिखर सम्मेलनमा कृत्रिम बौद्धिकताका लागि समावेशी र बहुपक्षीय विश्वव्यापी शासन ढाँचाको आवश्यकता औँल्याउनुभएको थियो । उहाँले त्यसपछि दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङसँग भेट गर्न र व्यापारिक कार्यक्रममा सहभागी हुन सियोल प्रस्थान गर्ने कार्यक्रम छ ।

## एआई शिखर सम्मेलन निष्कर्षविहीन

नयाँ दिल्ली, ९ फागुन (एएफपी) । पाँच दिनसम्म विश्वका नेताहरू, प्रविधि कम्पनीका प्रमुख र नीति निर्माता भेला भएको ग्लोबल एआई शिखर सम्मेलन औपचारिक अन्तिम घोषणाबिना टुङ्गिएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को अवसर र जोखिमबारे साझा दृष्टिकोण तय गर्ने उद्देश्य राखिएको सम्मेलनको संयुक्त वक्तव्य शनिबार दिउँसोसम्म सार्वजनिक भएको थिएन, जबकि त्यसको अपेक्षा एक दिनअघि गरिएको थियो ।

फ्रान्स, ब्राजिललगायतका देशका नेतासहित दर्जनौँ राष्ट्रिय प्रतिनिधिमण्डलहरू भारतको राजधानी नयाँ दिल्लीमा द्रुत रूपमा विकसित भइरहेको जेनेरेटिभ एआई प्रविधिको प्रभावबारे छलफल गर्न भेला भएका थिए । यो विकासोन्मुख राष्ट्रद्वारा आयोजना गरिएको पहिलो वार्षिक बैठक हो र एआई प्रभावसम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनका रूपमा आयोजना गरिएको थियो ।

भारतका सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले शुक्रबार 'घोषणामा ठुलो सहमति' भएको बताउनुभएको थियो, तर विवरण खुलाउन अस्वीकार गर्नुभएको थियो । उहाँका अनुसार ७० भन्दा बढी हस्ताक्षरकर्ताले समर्थन जनाइसकेका छन् र यो सङ्ख्या ८० नाघ्ने अपेक्षा गरिएको छ । "हामी यो सङ्ख्या अधिकतम बनाउन प्रयासरत छौँ", सम्मेलन समापनको क्रममा उहाँले बताउनुभएको थियो । शनिबारसम्म आयोजक र मन्त्रालयबाट औपचारिक टिप्पणी प्राप्त भएको थिएन ।

सम्मेलनमा बहुभाषी एआई अनुवादका सामाजिक लाभ, रोजगारीमा पर्ने सम्भावित असर, डाटा सेन्टरहरूको उच्च ऊर्जा खपत र नियमनको दायराजस्ता विषयहरू प्रमुख बहसमा रहे । यद्यपि विश्लेषकहरूले सम्मेलनको व्यापक र खुला एजेन्डाले ठोस र बाध्यकारी प्रतिबद्धता निकाल्न कठिन बनाएको टिप्पणी गरेका छन् । यसअघि फ्रान्स, दक्षिण कोरिया र बेलायतमा आयोजित संस्करणहरूमा पनि अस्पष्ट प्रतिज्ञा मात्र गरिएको स्मरण गराइएको छ ।

गत वर्षको एआई शिखर सम्मेलनमा संयुक्त वक्तव्यमा हस्ताक्षर नगरेको संयुक्त राज्य अमेरिकाले यसपटक भारतसँग अलग द्विपक्षीय घोषणापत्र जारी गरेको छ । उक्त घोषणापत्रमा दुवै देश 'उद्यमशीलता र नवप्रवर्तनलाई अनुकूल हुने एआईसम्बन्धी विश्वव्यापी दृष्टिकोण' अघि बढाउन सहमत भएको उल्लेख गरिएको छ ।

यसैबिच, ह्वाइट हाउसका प्रविधि सल्लाहकार तथा अमेरिकी प्रतिनिधिमण्डलका प्रमुख माइकल क्रेटसिओसले जेनेरेटिभ एआईमाथि केन्द्रीयकृत विश्वव्यापी नियन्त्रणको अवधारणाविरुद्ध चेतावनी दिनुभएको छ । उहाँले ट्रम्प प्रशासनले एआईको विश्वव्यापी शासन संरचनालाई अस्वीकार गर्ने नीति दोहोऱ्याएको बताउनुभयो ।

केही सहभागीहरूले सम्मेलन स्थलमा प्रवेश-निकास व्यवस्थापन कमजोर रहेको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए । यद्यपि, दसौँ हजार सहभागीको उपस्थितिसहित सम्पन्न सम्मेलनले एआईको भविष्यबारे बहसलाई अझ व्यापक बनाएको विश्लेषकहरूको भनाइ छ । तर साझा घोषणापत्रबिना टुङ्गिएको यो सम्मेलनले विश्वव्यापी सहमतिको मार्ग अझै जटिल रहेको सङ्केत दिएको छ ।

## थाइल्यान्डको पार्कमा भाइरसका कारण दर्जनौँ बाघको मृत्यु

बैङ्कक, ९माघ (एएफपी) । पछिल्लो हप्तामा उत्तरी थाइल्यान्डमा रहेको एक निजी पशु पार्कमा घातक भाइरस र ब्याक्टेरिया सङ्क्रमणको कारण कम्तीमा ७२ वटा बाघको ज्यान गएको अधिकारीहरूले बताएका छन् ।

चियाङ माईको प्रान्तीय पशुधन कार्यालयले विज्ञप्तिमार्फत मृत बाघमा परीक्षणबाट अत्यधिक सङ्क्रामक क्यानाइन डिस्टेम्पर भाइरसका साथै श्वास-प्रश्वास प्रणालीलाई असर गर्ने ब्याक्टेरियाहरू पत्ता लगाएको बताएको छ ।

बिरामी बाघमा भएको स्वास्थ्य समस्या अन्य जनावरहरूमा भन्दा पत्ता लगाउन गाह्रो हुने जनाउदै परीक्षण गर्दा सम्म धेरै ढिलो भइसकेकाले उनीहरूको ज्यान बचाउन नसकिएको राष्ट्रिय पशुधन विभागका निर्देशक सोमचुआन रतनमुङक्लानोनले स्थानीय मिडियालाई बताउनुभएको छ ।

टाइगर किङडम, पार्कको वेबसाइटमा उल्लेख भएको सूचनाका आधारमा बाघहरू समयमै परीक्षण र उचित औषधोपचारको अभावमा दुःख र डरको बिचमा मत्युवरण गरेको पशु अधिकार सङ्गठन पेटा एसियालाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

## श्रीलङ्कामा बौद्ध भिक्षुहरूको शान्तिपूर्ण ऱ्याली

कोलम्बो, ९ फागुन (एपी) । श्रीलङ्कामा बौद्ध धर्मको संवैधानिक हैसियत र भिक्षुहरूको परामर्श भूमिकालाई सम्मान गर्न माग गर्दै सयौँ बौद्ध भिक्षुहरूले शुक्रबार राजधानी कोलम्बोमा शान्तिपूर्ण ऱ्याली निकालेका छन् । भिक्षुहरूले सरकारले आफ्नो धर्मको सम्मान नगरेको र राज्य सञ्चालनमा लामो समयदेखि चल्दै आएको परामर्श परम्परालाई बेवास्ता गरेको आरोप लगाएका छन् ।

प्रदर्शनको क्रममा भिक्षुहरूले राष्ट्रपति अनुरा कुमारा दिसानायकेलाई पठाउने अपिल पत्र सार्वजनिक रूपमा पढेर सुनाएका थिए । उक्त पत्रमा राज्य सञ्चालन बौद्ध धर्मको सिद्धान्तअनुसार हुनुपर्ने र भिक्षुहरूलाई राष्ट्रिय मामिलामा सल्लाह दिने अधिकार औपचारिक रूपमा मान्यता दिनुपर्ने उल्लेख गरिएको छ ।

करिब दुई करोड २० लाख जनसङ्ख्या भएको यस टापु राष्ट्रको संविधानले बौद्ध धर्मलाई विशेष स्थान दिएको छ । संविधानले बौद्ध धर्मको संरक्षण र प्रवर्द्धन गर्नु सरकारको कर्तव्य भएको उल्लेख गरे पनि अन्य धर्मावलम्बीहरूको धार्मिक स्वतन्त्रता कानुनद्वारा सुरक्षित छ । देशको ७० प्रतिशतभन्दा बढी जनसङ्ख्या बौद्ध छन् र भिक्षु वर्ग सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनमा प्रभावशाली मानिन्छन् । श्रीलङ्कामा हिन्दू, मुस्लिम र इसाई समुदाय पनि उल्लेखनीय रूपमा बसोबास गर्छन् ।

अपिल पत्रमा बौद्ध धर्मको उद्गम प्राचीन भारतमा पाँचौँ शताब्दी ईसा पूर्वमा भएको उल्लेख गर्दै राज्यका नीतिहरू त्यसका नैतिक आधारमा निर्देशित हुनुपर्ने धारणा राखिएको छ । श्रीलङ्काको उच्च पदहरूमा गैर-बौद्धहरूको नियुक्ति रोक्न, विद्यालय तथा शिक्षा प्रणालीमा बौद्ध मूल्यमान्यता समावेश गर्न र धर्मसँग सम्बन्धित पुरातात्त्विक स्थलहरूको संरक्षण सुनिश्चित गर्न माग गरिएको छ ।

विश्लेषकहरूका अनुसार यो कदमलाई भिक्षु समुदायले सरकारमाथि वैचारिक र नीतिगत दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ । हालको प्रदर्शनले धर्म र राज्यबिचको सम्बन्धबारे श्रीलङ्कामा जारी बहसलाई पुन: तीव्र बनाएको छ ।

# अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि राष्ट्रिय तथा स्थानीय सूचीकरणको अपरिहार्यता

*('ख्वप कलेज अफ ल' को अनुसन्धान तथा कानुनी मस्यौदा पहल)*

**पृष्ठभूमि**

सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनको क्षेत्रमा नेपालले थुप्रै महत्त्वपूर्ण भौतिक धरोहरहरू जोगाउँदै र प्रवर्द्धन गर्दै आएको तथ्य सर्वविदित छ। विशेषगरी भक्तपुर नगरपालिकाले भूकम्पपछाडि क्षतिग्रस्त संरचनाहरू पुनर्निर्माण र जीर्णोद्धार गर्ने क्रममा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। स्थानीय समुदायको अग्रसरता, सहभागिता र सहयोगमा पुन:निर्माण गरिएको ङातापोल्हँ मन्दिरलगायतका सम्पदाहरूले न केवल सांस्कृतिक पहिचान जोगाएका छन्, बल्कि मुलुककै लागि आत्मनिर्भरता र सामूहिक एकताको उत्कृष्ट उदाहरणसमेत प्रस्तुत गरेका छन्। यसै सन्दर्भमा, मूर्त सम्पदाको संरक्षणसँगै अब अमूर्त सम्पदाको जगेर्नातर्फ पनि समान रूपमा ध्यान दिनुपर्ने आवश्यकता स्पष्ट देखिन्छ।

मूर्त सांस्कृतिक सम्पदा भन्नाले देख्न, छुन र प्रत्यक्षरूपमा अनुभव गर्न सकिने स्थिर तथा भौतिक धरोहर बुझिन्छ भने अमूर्त सम्पदा (अभौतिक सांस्कृतिक सम्पदा) भन्नाले प्रत्यक्ष रूपमा देख्न वा छुन नसकिने तर समाजको जीवन्त अभ्यास, ज्ञान, सीप, परम्परा र संस्कारका रूपमा निरन्तर हस्तान्तरण हुँदै आएका तत्वलाई जनाउँछ। उदाहरणको रूपमा बिस्का जात्रालाई लिन सकिन्छ। यस अवसरमा निकालिने भैरव र भद्रकालीका रथहरू मूर्त सम्पदाका उदाहरण हुन्, किनकि ती भौतिक रूपमा अवस्थित संरचनाहरू हुन्। तर, ती रथ तान्ने परम्परा, रथ निर्माणसँग सम्बन्धित परम्परागत सीप तथा तान्त्रिक ज्ञान, साथै सम्बन्धित पूजा-विधि र संस्कारहरू भने अमूर्त सम्पदाका महत्त्वपूर्ण अंश हुन्।

मूर्त र अमूर्त सम्पदा एक-आपसमा परस्पर सम्बन्धित र परिपूरक हुन्। एउटाको अस्तित्वले अर्कोलाई अर्थ, सन्दर्भ र जीवन्तता प्रदान गर्दछ। यस सन्दर्भमा सम्पदा अभियन्ता रवीन्द्र पुरीले ख्वपको पहिचान स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री भाग-२ मा 'मूर्त र अमूर्त' सम्पदाबारे उल्लेख गर्दै लेख्नुहुन्छ,

"दीपङ्कर बुद्धको मूर्ति कुनै समय चोरी भएर युरोप पुगेको थियो। यता नेपालमा भने त्यस मूर्तिसँग जोडिएका जात्रा-परम्परा जीवन्त नै थिए। यस्तो अवस्थामा त्यस्ता मूर्त सम्पदासँग आबद्ध अमूर्त सम्पदाहरू नै ती हराएका कृतिहरूलाई स्वदेश फर्काउन आफैँमा बलियो आधार बन्दछन्। यिनै प्रमाणहरूको आधारमा वि.सं. २०६० सालमा दीपङ्कर बुद्धको मूर्ति अस्ट्रेलियाबाट स्वदेश फर्काउन सफल भएको थियो।" यस उदाहरणले स्पष्ट पार्दछ कि अमूर्त सम्पदाले सांस्कृतिक निरन्तरता मात्र जोगाउँदैन, हराएका मूर्त सम्पदाहरूको पहिचान र पुन:प्राप्तिमा समेत निर्णायक भूमिका खेल्दछ। त्यसैले दुवै सम्पदाको संरक्षण समान रूपमा आवश्यक र अपरिहार्य छ।

यही विषयलाई मनन गर्दै अन्तर्राष्ट्रिय स्तरमा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) द्वारा सन् २००३ मा 'Convention for the Safeguarding of the Intangible Cultural Heritage' एक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय कानुनी दस्तावेज अनुमोदनका लागि खुलाइएको थियो। उक्त महासन्धिले अभौतिक सांस्कृतिक सम्पदालाई समुदाय, समूह तथा व्यक्तिहरूको पहिचान, निरन्तरता तथा सांस्कृतिक विविधताको आधारको रूपमा स्वीकार गरेको तथा सदस्य राष्ट्रहरूलाई यस्ता सम्पदाको पहिचान, सूचीकरण, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कानुनी, नीतिगत तथा संस्थागत संरचना विकास गर्न दायित्व निर्धारण गरेको छ।

नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भएकोले अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, सूचीकरण र व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व बहन गर्दछ। सोही अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय आवश्यकताअनुरूप नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१' कार्यान्वयनमा ल्याएको छ।

आधुनिकता, तीव्र सहरीकरण, बसाइँसराइ, पुस्तान्तरणको कमजोर अभ्यास तथा कानुनी संरचनाको अस्पष्टताका कारण यस्ता धेरै सांस्कृतिक विधाहरू क्रमश: लोपोन्मुख अवस्थामा पुगिरहेका छन्। कतिपय विधाहरूको उत्पत्ति, स्वामित्व, समुदायगत सम्बन्ध तथा संरक्षणको दायित्वसम्बन्धी विषयहरू स्पष्ट नहुँदा भविष्यमा पहिचानसम्बन्धी विवाद तथा सांस्कृतिक सङ्कट उत्पन्न हुने सम्भावना देखिन्छ।

यही संवेदनशील सन्दर्भलाई ध्यानमा राखेर 'ख्वप कलेज अफ ल' ले 'अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय तथा स्थानीय सूचीकरणसम्बन्धी अनुसन्धान तथा कानुनी मस्यौदा निर्माण' सम्बन्धी प्रस्ताव भक्तपुर नगरपालिकासमक्ष प्रस्तुत गरेको थियो। उक्त प्रस्तावप्रति भक्तपुर नगरपालिका सकारात्मक तथा सहकार्यात्मक रहेको र आवश्यक सहयोग प्राप्त हुने गरिएको छ।

यस अनुसन्धानअन्तर्गत भक्तपुरमा रहेका ५ (पाँच) वटा प्रमुख अभौतिक सांस्कृतिक सम्पदाहरूको व्यवस्थित अनुसन्धान, अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ अनुसार आवश्यक दस्तावेजीकरण प्रक्रिया पूरा गर्ने, स्थानीय तहमा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक कानुनी मस्यौदा तयार गर्ने कार्यहरू रहेका छन्।

**हाल प्रारम्भिक चरणमा भक्तपुरसँग सम्बन्धित निम्न पाँच अभौतिक सांस्कृतिक विधाहरूमा अनुसन्धान, सूचीकरण तथा व्यवस्थापनको कार्य प्रारम्भ गर्ने भएको छ :**

१.परम्परागत खेलअन्तर्गत - कसिमला पाँय्
२.खाद्य परिकारका सीपअन्तर्गत - जुजु धौ
३.मौखिक परम्परा तथा अभिव्यक्तिअन्तर्गत - 'ध्व येँ जागु रस-म्ये' (जुजु रणजित मल्लसँग सम्बन्धित)
४.मौखिक परम्परा तथा अभिव्यक्ति र परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधिअन्तर्गत - कवाँचा प्याखँ
५.पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान तथा परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि-भादगाउँले टोपी

उल्लिखित विधाहरू केवल सांस्कृतिक अभ्यासमात्र नभई भक्तपुरको ऐतिहासिक, सामाजिक तथा सामुदायिक पहिचानसँग गहिरो रूपमा जोडिएका छन्। यिनको उत्पत्ति, विकासक्रम, अभ्यासकर्ता समुदाय, सामाजिक-धार्मिक महत्त्व, वर्तमान अवस्था तथा संरक्षणका चुनौतीहरूबारे अनुसन्धान आवश्यक देखिन्छ।

**कानुनी आधार**

यस पहलको मुख्य कानुनी आधार 'अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१' रहेको छ। उक्त कार्यविधिको दफा २ (१) (क) मा परिभाषा गरिएअनुसार अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै आएका र अभ्यासमा रहेका देहायबमोजिमका सांस्कृतिक विधाहरूलाई जनाउँछ -

अ. मौखिक परम्परा तथा अभिव्यक्ति,
आ. अभिनय तथा मञ्चन कला,
इ. सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरू,
ई. प्रकृति एवं ब्रह्माण्डसम्बन्धी ज्ञान,
उ. परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि,
ऊ. परम्परागत खेल,
ऋ. खाद्य परिकारका सीप,
लृ. पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान,
ए. सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल,
ऐ. स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त, सांस्कृतिक सम्पदा।

यस दृष्टिकोणबाट हेर्दा, स्थानीय तहबाट प्रारम्भ गरिएको सूचीकरण प्रक्रिया प्रशासनिक अभ्यासमात्र नभई अन्तर्राष्ट्रिय महासन्धि अनुरूप नेपालको कानुनी दायित्वको कार्यान्वयनसमेत हो।

**सूचीकरणको अपरिहार्यता**

अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण केवल नाम दर्ता गर्ने प्रक्रिया होइन; यो पहिचानको संरक्षण, कानुनी मान्यता तथा दिगो व्यवस्थापनको आधार हो। आजका दिनमा आधुनिकता, व्यवसायीकरण, बसाइँसराइ, पुस्तान्तरणको कमी तथा मौलिकताको क्षयका कारण धेरै अभौतिक सम्पदाहरू लोपोन्मुख अवस्थामा पुगेका छन्। सूचीकरणमार्फत :

क.सांस्कृतिक विधाको उत्पत्ति र ऐतिहासिक पृष्ठभूमि अभिलेखीकरण हुन्छ।
ख.सम्बन्धित समुदायको अधिकार र स्वामित्व स्पष्ट हुन्छ।
ग.लोपोन्मुख अवस्थालाई पहिचान गरी संरक्षण रणनीति निर्माण गर्न सकिन्छ।
घ.भावी पुस्तामा हस्तान्तरणका लागि शैक्षिक तथा नीतिगत आधार तयार हुन्छ।
ङ.राष्ट्रिय तथा सम्भावित अन्तर्राष्ट्रिय मान्यताका लागि आधार तयार हुन्छ।

यदि समयमै कानुनी तथा संस्थागत प्रयास नगरिएमा, हाम्रो मौलिक सम्पदा बाह्य प्रभावका कारण हराउने वा गलत पहिचानमा प्रस्तुत हुने जोखिम रहन्छ।

**अनुसन्धान तथा कानुनी मस्यौदा निर्माणको उद्देश्य**

'ख्वप कलेज अफ ल' को यस पहलको लक्ष्य केवल सांस्कृतिक सूची तयार गर्नु होइन, बरु दीगो संरक्षणको कानुनी संरचना निर्माण गर्नु हो। यसअन्तर्गत :

क. स्थानीय स्तरमा अभौतिक सांस्कृतिक सम्पदाको वैज्ञानिक तथा विधिसम्मत सूचीकरण प्रक्रिया विकास गर्नु,
ख. राष्ट्रिय कानुनसँग सुसङ्गत स्थानीय कार्यविधि वा मापदण्ड तयार गर्नु,
ग. सम्बन्धित समुदाय, विज्ञ, संस्कृतिकर्मी तथा स्थानीय तहबिच समन्वयात्मक संरचना विकास गर्नु,
घ. संरक्षण, प्रवर्द्धन र व्यवस्थापनका लागि स्पष्ट नीतिगत मार्गनिर्देशन तयार गर्नु।

यो पहल केवल शैक्षिक अभ्यास नभई, समुदाय-केन्द्रित संरक्षण अभियान हो।

**सार्वजनिक सहभागिता र सुझाव आह्वान**

अभौतिक सांस्कृतिक सम्पदा समुदायमा जीवित रहने सम्पदा भएकोले यसको संरक्षण तथा सूचीकरण प्रक्रियामा समुदायको सक्रिय सहभागिता अपरिहार्य मानिन्छ। उल्लिखित विधाहरू वा भक्तपुरसँग सम्बन्धित अन्य अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी सुझाव, ऐतिहासिक जानकारी, अभिमत वा प्रमाण उपलब्ध गराउन इच्छुक महानुभावहरूले निम्न इ-मेल ठेगानामा सम्पर्क गर्न सक्नुहुनेछ : darlskcl@gmail.com। यहाँहरूको रचनात्मक सुझावहरूले अनुसन्धान कार्यलाई थप समृद्ध र विश्वसनीय तथा समुदायउन्मुख बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौँ।

**निष्कर्ष**

अभौतिक सांस्कृतिक सम्पदा हाम्रो जीवित इतिहास, सामुदायिक स्मृति तथा सांस्कृतिक पहिचानको आधार हो। यसको संरक्षण गर्नु सांस्कृतिक दायित्व मात्र नभई, कानुनी र नैतिक दायित्व पनि हो। स्थानीय तहबाट प्रारम्भ गरिएको सूचीकरणको प्रयासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दीगो संरक्षणको मार्ग प्रशस्त गर्ने विश्वास गरिएको छ। ख्वप कलेज अफ लद्वारा अघि बढाइएको यस पहलले भक्तपुरको मौलिक सांस्कृतिक पहिचानलाई संस्थागत, विधिसम्मत तथा दीर्घकालीन रूपमा सुरक्षित राख्ने दिशामा महत्त्वपूर्ण पहल चालिएको कदम साबित हुने विश्वास गरिएको छ।

***(यो लेख ख्वप कलेज अफ लअन्तर्गत वकालत, अनुसन्धान तथा कानुनी सीपसम्बन्धी विभागका विभागीय प्रमुख आशिष पौड्याल र अनुसन्धानकर्ता कृति दुमरुद्वारा जनस्तरमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएको हो।)***

# मुटुको ढुकढुकी बढ्ने कारण, अवस्था र बुझाइ

✍ डा. ओममूर्ति अनिल, मुटुरोग विशेषज्ञ



मानिसले जुनसुकै समयमा आफ्नो मुटुको ढुकढुकी बढेको अनुभव गर्न सक्छ। सामान्य अवस्थामा मुटु चलेको आम मानिसले अनुभव गर्दैनन्। तर, कुनै घटना, परिवेश र दृश्यले एक्कासि छिटो वा अनियमित रूपमा मुटुको धड्कन बढेको महसुस हुनु नै ढुकढुकी बढ्नु हो।

चलचित्र तथा खेल हेर्दा, दुर्घटना देख्दा, अतालिँदा वा त्यस्तै अन्य कुनै कारणले कतिपय मानिसको ढुकढुकी बढ्ने गर्दछ। ढुकढुकी बढ्दैमा मुटुको समस्या नै हो भन्ने बुझ्नु हुँदैन। ढुकढुकी किन बढ्छ ? भन्ने बुझ्न ढुकढुकीका तीनवटा कारणबारे बुझ्नुपर्छ। अर्थात्, मुटुको ढुकढुकी तीन कारणले बढ्छ।

- प्राकृतिक/सामान्य कारण
- मुटुबाहेकका अन्य रोगका कारण
- मुटुसम्बन्धी रोगका कारण

प्राकृतिक तथा सामान्य कारणमा शारीरिक व्यायाम, छिटो हिँडाइ वा दौड्नेजस्ता गतिविधि वा अघि उल्लेख गरेजस्तै कुनै घटना विशेषपछि मुटु छिटो-छिटो धड्कन स्वाभाविक प्रतिक्रिया हो। तनाव, डर वा कुनै भावनात्मक अवस्थाले पनि मुटु छिटो धड्किन्छ। दुब्लो शरीर भएका व्यक्तिले ढुकढुकीको बढी महसुस गर्नु अर्को सामान्य स्थिति हो।

विशेषगरी राति देब्रेतर्फ कोल्टो परेर सुत्दा धेरैले मुटु धड्किएको अनुभव गर्दछन्। दुब्लो शरीर हुँदा मुटुको चाल छातीको भित्तासँग नजिक हुने भएकाले ढुकढुकी तुरुन्तै महसुस हुन्छ, जबकि मोटो शरीर भएका व्यक्तिमा यो कम देखिन्छ। यस्तो अवस्थामा दाहिनेतर्फ कोल्टो परेर सुत्दा कम महसुस हुन्छ।

त्यस्तै, अत्यधिक कफी वा चिया सेवन गर्दा क्याफिनका कारणले पनि मुटुको चाल बढाउन सक्छ। गर्भवती महिलामा विशेषगरी तेस्रो 'ट्राइमेस्टर' मा रगतको मात्रा बढ्नु र 'हार्मोनल' परिवर्तनका कारणले ढुकढुकी बढ्न सक्छ। मेनोपज (महिनावारी बन्द हुने) उमेर करिब ५० वर्षमा पनि 'हार्मोन' को असन्तुलनसँगै अचानक पसिना आउने, मुटु छिटो धडकनेजस्ता लक्षणहरू देखापर्न सक्छन्, जुन सामान्य जैविक प्रक्रिया हो। दमको औषधि गर्ने व्यक्ति तथा कुनै कुनै कफ सिरफ सेवन गर्दा पनि सामान्य मानिसको समेत धड्कन बढ्ने हुनसक्छ।

कहिलेकाहीँ ढुकढुकी बढ्नु मुटुबाहेकका अन्य समस्याको सङ्केत पनि हुनसक्छ। जस्तै रक्तअल्पता हुँदा शरीरमा अक्सिजन पुऱ्याउन मुटुले बढी प्रयास गर्नुपर्ने भएकोले ढुकढुकी बढ्न सक्छ, त्यस्तो बेलामा 'हेमोग्लोबिन' जाँच गर्न आवश्यक हुन्छ।



त्यस्तै, थाइराइडको समस्या भएका मानिसमा औषधिका कारण पनि ढुकढुकी बढ्न सक्छ। विशेषगरी 'हाइपरथायराइड' ले ढुकढुकी बढाउँछ। तर, 'हाइपोथायराइड' मा यस्तो लक्षण देखिँदैन। तनाव र एन्जाइटीका कारण पनि ढुकढुकी बढ्छ।

मदिरा सेवनपछि धड्कन बढ्नु लुकेको मुटुरोगको सङ्केत हुनसक्छ। उच्च रक्तचाप सामान्यतया लक्षणरहित हुन्छ। तर, कहिलेकाहीँ यसकै कारणले पनि ढुकढुकी बढेको अनुभव हुनसक्छ, यसका लागि चिकित्सकीय जाँच आवश्यक हुन्छ।

मुटुरोगका कारणले हुने ढुकढुकी भने गम्भीर हुनसक्छ। मुटुको चाल अनियमित हुनु, एक्कासि छिटो हुनु वा अचानक १५०-१६० धड्कनसम्म पुग्नु सबै 'एरिथमिया' को प्रमुख सङ्केत हो। बसिरहेको बेला वा सामान्य कार्य गर्दै गर्दा अचानक मुटु तीव्रगतिमा चल्न थाल्छ र कहिलेकाहीँ श्वास फेर्नसमेत गाह्रो हुनसक्छ। यो अवस्थामा ईसीजी, इको वा होल्टरमार्फत स्पष्ट रूपमा जाँच्न गर्नुपर्ने हुन्छ।

ढुकढुकी बढ्नुको सही कारण पत्ता लगाउन चिकित्सकीय जाँच अनिवार्य हुन्छ। चिकित्सकले रक्तअल्पता, थाइराइड समस्या, उच्च रक्तचाप वा मुटुको चालसम्बन्धी समस्या छ कि छैन भन्ने जाँच गर्नुपर्दछ। त्यसपछि मात्रै ढुकढुकी सामान्य कारणले भइरहेको हो वा मुटुरोगको सङ्केत हो भन्ने कुरालाई छुट्याउन सकिन्छ। त्यसअघि चुरोट, सुर्ती, मदिरा सेवन तुरुन्त बन्द गर्नुपर्दछ। कफी तथा चिया सेवनलाई सीमित गर्नु आवश्यक हुन्छ।




नेमकिपा निर्वाचन परिचालन समिति भक्तपुर क्षेत्र नं. १ को आयोजनामा शनिबार कमलविनायकमा जनसभा भयो। सभामा नेमकिपाको तर्फबाट भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवाललगायत अन्य अतिथिहरू।

*तस्बिर : मजदुर दैनिक*

# चीनको एआई एपले हलिउडमा मच्चायो हलचल

लस एन्जलिस । नयाँ चिनियाँ एआई मोडल 'सिडान्स २.०' ले हलिउडमा तहल्का मच्चाएको छ । टिकटक निर्माता बाइटडान्सले बनाएको यो एआई मोडलले सामान्य निर्देशनका आधारमा सिनेमाको गुणस्तरका भिडियोहरू, साउन्ड इफेक्ट र संवादसहित सिर्जना गर्नसक्छ । यसले गर्दा मनोरञ्जन उद्योगमा ठुलो परिवर्तन आउने सम्भावना बढेको छ ।

स्पाइडर-म्यान र डेडपुलजस्ता प्रसिद्ध पात्रहरू समावेश गरिएका सिडान्सका धेरै क्लिपहरू भाइरल भएका छन् । डिज्नी र प्यारामाउन्टजस्ता ठुला स्टुडियोहरूले बाइटडान्समाथि प्रतिलिपि अधिकार उल्लङ्घनको आरोप लगाएका छन्, तर यस प्रविधिको असर कानुनी मामिलाभन्दा गहिरो छ ।

**सिडान्स के हो र यसले किन हलचल मच्चायो ?**

सिडान्स २०२५ को जुनमा सार्वजनिक भएको थियो, तर यसको दोस्रो संस्करणले बजारमा ठुलो हलचल मच्चाएको छ ।

अन्य एआई उपकरणहरू - मिडजर्नी र ओपनएआईको सोराजस्तै - सिडान्सले छोटो पाठ निर्देशनबाट भिडियोहरू बनाउन सक्छ । केही अवस्थामा त एउटै निर्देशनले उच्च-गुणस्तरको भिडियो उत्पादन गरेको देखिन्छ ।

एआई नैतिकता अनुसन्धानकर्ता मार्गरिट मिचेलका अनुसार, पाठ, भिजुअल र अडियोलाई एउटै प्रणालीमा संयोजन गर्ने यसको क्षमता विशेष रूपमा प्रभावशाली छ ।

सिडान्सको प्रभावलाई विल स्मिथले चाउचाउ खाएको क्लिप कति राम्रो बनाउँछ भन्ने अनौठो बेन्चमार्कले मापन गरिएको छ । सिडान्सले स्मिथलाई चाउचाउ खाँदै गरेको यथार्थपरक भिडियो मात्र बनाउँदैन, यसले स्मिथलाई चाउचाउ दानवसँग लडिरहेको भाइरल भिडियो पनि बनाएको छ - जुन ठुलो बजेटको चलचित्रजस्तै देखिन्छ ।

धेरै उद्योग विशेषज्ञहरू र फिल्म निर्माताहरू सिडान्स भिडियो-उत्पन्न गर्ने प्रविधिको विकासमा नयाँ अध्याय भएको विश्वास गर्छन् ।

सिंगापुरस्थित एनिमेसन स्टुडियो टाइनी आइल्यान्ड प्रोडक्सन चलाउने डेभिड क्वोक भन्छन्, "सिडान्सले उत्पादन गरिरहेका जटिल एक्सन दृश्यहरू यसका प्रतिस्पर्धीहरूभन्दा बढी यथार्थपरक देखिन्छन् । यसले एक्सन फिल्महरूमा विशेषज्ञ सिनेमेटोग्राफर वा छायाङ्कन निर्देशकले सहयोग गरेको जस्तो लाग्छ ।"

**चुनौती**

सिडान्स प्रतिलिपि अधिकारको मुद्दामा फसेको छ, जुन एआईको युगमा बढ्दो चुनौती हो । विशेषज्ञहरूले चेतावनी दिएका छन्, एआई कम्पनीहरूले शक्तिशाली उपकरणहरू बनाउँदै र भुक्तानी नगरी डेटा प्रयोग गर्दै गर्दा प्रविधिलाई मानिसभन्दा बढी प्राथमिकता दिइरहेका छन् ।

**के चीन अगाडि बढिरहेको छ ?**

सिडान्सले फेरि एक पटक चिनियाँ प्रविधिलाई प्रकाशमा ल्याएको छ । गत वर्ष अर्को चिनियाँ एआई मोडल डीपसिकले आफ्नो कम लागतको ठुलो भाषा मोडलले विश्वभरि तरङ्ग पैदा गरेको थियो । यसले छिट्टै एप्पलको अमेरिकी स्टोरमा सबैभन्दा बढी डाउनलोड गरिएको निःशुल्क एपको रूपमा च्याटजीपीटीलाई उछिन्यो ।

बेइजिङले पछिल्लो वर्ष एआई र रोबोटिक्सलाई आफ्नो आर्थिक रणनीतिको केन्द्रमा राखेको छ, उन्नत कम्प्युटर चिप उत्पादन, स्वचालन र जेनरेटिभ एआईमा ठुलो लगानी गरिरहेको छ ।

*-बीबीसी*

# धार्मिक सहिष्णुता र सम्मान कायम राख्न गृहको अपिल

काठमाडौँ, ९ फागुन । धार्मिक सहिष्णुता र सम्मान कायम राख्न गृह मन्त्रालयले अपिल गरेको छ ।

तराई-मधेसका केही जिल्लामा पछिल्लो समय देखिएका घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै गृहले सो कुराको अपिल गरेको हो ।

मन्त्रालयकी सहप्रवक्ता रमा आचार्य (सुवेदी) द्वारा जारी विज्ञप्तिमा सबै पक्षलाई संयमता अपनाउन, कुनै पनि प्रकारका अवाञ्छित गतिविधि नगर्न-नगराउन तथा सबै धर्म र समुदायबिच पारस्परिक सम्मान र सहिष्णुता कायम राख्न सादर अनुरोध गरिएको छ ।

शनिबार केन्द्रीय सुरक्षा समितिको बैठक बस्दै देशको विद्यमान सुरक्षा अवस्थाबारे समीक्षा गरिएको थियो ।

मन्त्रालयका अनुसार रौतहट, दाङलगायतका क्षेत्रमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावमा असर पर्ने गतिविधि, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी र तोडफोड, राजनीतिक दलका झन्डा जलाउने जस्ता कानुनविपरीत कार्य भएका छन् । यस्ता गतिविधिले सामाजिक मर्यादा र आपसी विश्वासमा आँच पुऱ्याएको ठहर गरिएको छ ।

मन्त्रालयले यस्ता गतिविधिमाथि सूक्ष्म निगरानी गरिरहेको र संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याई कारबाही प्रक्रिया अघि बढाइएको जनाएको छ ।

यसैगरी, केन्द्रीय सुरक्षा समिति बैठकले नेपाल प्रहरीका एआईजी उमाप्रसाद चतुर्वेदीलाई मधेसमा पछिल्लो समय भएको र हुनसक्ने सम्भावित गतिविधिको विश्लेषण गर्न खटाउने निर्णय गरेको छ ।

शनिबार गृह मन्त्रालयमा बसेको समिति बैठकले एआइजी चतुर्वेदीलाई प्रतिवेदन पेस गर्नका लागि खटाउने निर्णय गरेको प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले जानकारी दिनुभयो ।

पछिल्लो केहीदिन यता रौतहटमा दुई समुदायबीच झडप हुँदै आएको छ । स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ ।

"तराईं क्षेत्रमा हुनसक्ने सम्भावित गतिविधि सुरक्षाको संवेदनशीलता समेत विश्लेषण गरेर प्रतिवेदन पेस गर्न र त्यो अनुसार कारबाहीको प्रक्रिया अघि बढाउन उमाप्रसाद चतुर्वेदीलाई खटाउने निर्णय भएको छ । सँगसँगै सुरक्षाका संवेदनशील क्षेत्रमा सुरक्षा निकायहरूलाई उच्च पदाधिकारी खटाउन र विश्लेषणसहितको प्रतिवेदन पेस गर्न निर्देशन भएको छ", सहसचिव काफ्लेले भने ।

रौतहटको घटना र चुनावी प्रचारप्रसारको क्रममा झन्डा जलाउनेलगायत गतिविधि हुन थालेपछि गृहले समितिको बैठक बोलाएको थियो ।

# सुरक्षा परिषद् सुधार केवल अल्पसङ्ख्यक धनी देशलाई लाभ दिन नहुने चीनको भनाइ

संयुक्त राष्ट्र सङ्घका लागि चिनियाँ स्थायी प्रतिनिधि फु छोङले फेब्रुअरी २० मा ८० औँ महासभाको सुरक्षा परिषद्अन्तर्गत सरकारबिचको वार्ता सुधारको दोस्रो बैठकलाई सम्बोधन गर्नुभएको छ । आफ्नो सम्बोधनमा फुले सुरक्षा परिषद्को प्रतिनिधित्वबारे चर्चा गर्दै भन्नुभयो, "सुरक्षा परिषद् ठुलो र धनी देशहरूको क्लब हुनसक्दैन र सुधारले केवल अल्पसङ्ख्यक धनी देशलाई लाभ दिनु हुँदैन । आफू प्रतिनिधि रहेको क्षेत्रको कुनै पनि देश सुरक्षा परिषद्मा सहभागी हुँदै छ भने, त्यसले आफ्नो क्षेत्रको हित प्रतिनिधित्व गर्नुपर्छ र क्षेत्रका देशहरूको व्यापक मान्यता पाउनुपर्छ ।"

फुले अगाडि भन्नुभयो, "संयुक्त राष्ट्र सङ्घ स्थापित भएको ८० वर्षभन्दा बढी भइसकेको छ र अहिलेसम्म ५९ वटा सदस्य देशहरू कहिल्यै सुरक्षा परिषद्मा प्रवेश गरेका छैनन् । अन्तर्राष्ट्रिय समुदायले सही सुधार उपाय फेला पार्न आवश्यक छ । विकासशील देशहरूको प्रतिनिधित्व र अभिव्यक्त अधिकारलाई साँच्चिकै बढाउनुपर्छ, अधिक कूटनीतिक स्वतन्त्र मध्यम र साना देशहरूलाई सुरक्षा परिषद्मा प्रवेश गराउनुपर्छ ।"

अन्त्यमा फुले जोड दिँदै भन्नुभयो, "जापानले आक्रमणसम्बन्धी ऐतिहासिक अपराधको समीक्षा गर्न अस्वीकार गरेको छ, युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्था स्पष्ट रूपमा उल्लङ्घन गरेको छ ।"

*सहिद...*

विचारबिनाको राजनीति नटिक्ने उल्लेख गर्दै उहाँले सहिदको बलिदान जनताको वास्तविक जीतको लागि हुनुपर्छ भन्नुभयो ।

उहाँले सहिद राजकुमार सुवाल जनताको लागि काम गर्ने जुझारु युवा भएको बताउनुभयो ।

बासु माविका संस्थापक प्राचार्य बालमुकुन्द बासुकलाले भक्तपुरको शैक्षिक रूपान्तरण गर्न कठिन परिस्थितिको यात्रा पार गर्दै जनतामा जागरण ल्याएको बताउनुभयो ।

उहाँले पुस्तकालय साँचो मानेमा विचारमा तिखारता ल्याउनको लागि हुनुपर्छ भन्नुभयो ।

आँखा लेन्स विशेषज्ञ शंखनारायण त्वायनाले राजकुमार बालककालको मिल्ने साथी भएको उल्लेख गर्दै सरल स्वभावको भएको बताउनुभयो ।

आमाले समयमै उपचार नपाएर अल्पायुमै मृत्यु भएकोले स्वास्थ्य क्षेत्रमा योगदान गर्न प्रेरणा मिलेको उहाँले बताउनुभयो ।

सहिद राजकुमार सुवालका भाइ डा. एभरेस्ट सुवालले सहिदको स्मृतिमा पुस्तकालय सञ्चालन गरेर समाजको सेवा गर्न सकेकोमा आयोजकलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका सुजी हेङ्ग्वजूले सामाजिक परिवर्तन नै सहिदहरूको सपना हो र नयाँ पुस्तालाई पुराना पुस्ताले इतिहासको ज्ञान दिँदै जानुपर्ने औचित्यतामाथि प्रकाश पार्नुभयो ।

नेमकिपा सानो ब्यासी एकाइ समितिका सरोज दथेपुथेले पुस्तकालयलाई अध्ययन गर्ने थलोको रूपमा मात्र नभई विभिन्न विषयमा छलफल र अन्तरक्रिया गर्ने स्थानको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

पुस्तकालयका अध्यक्ष कृष्णप्रसाद सुवालको सभापतित्वमा भएको उक्त वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि सुरेन्द्रराज गोसाईले दोसल्ला, फूलमाला, मायाको चिनो तथा सम्मानपत्रका साथ शिक्षासेवी बालमुकुन्द बासुकला र आँखा विशेषज्ञ शंखनारायण त्वायनालाई सम्मान गर्नुभएको थियो । पुस्तकालयका कार्य समिति सदस्य शिवकृष्ण कोजूले पनि बोल्नुभएको थियो ।

**२०८२ सालको उत्कृष्ट सहकारी व्यवसाय पुरस्कारहरूका लागि फाराम भर्नेसम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८२/११/०८, सूचना नं.१८/२०८२/२०८३)**

भक्तपुरको सहकारी अभियानमा अनुकरणीय कार्य गर्ने उत्कृष्ट सहकारी संस्थाहरूको छनोट गरी पुरस्कृत गर्ने उद्देश्यले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.ले उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कार्यविधि, २०७८ (संशोधन) अनुरूप तपसिलमा उल्लेखित विधाहरूमा सहकारी पुरस्कार प्रदान गर्ने भएको हुँदा आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य आवश्यक कागजातहरू संलग्न गरी अनुसूची १ को फाराम भरी देहायअनुसारका पुरस्कारको लागि सङ्घमा आबद्ध सम्पूर्ण सहकारी संस्थाहरूलाई २०८२ फागुन मसान्तभित्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पुरस्कार विवरण**

क) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार आबद्ध संस्थाहरूमध्ये जिल्लास्तरीयबाट १ वटा संस्था
ख) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार आबद्ध संस्थाहरूमध्ये प्रत्येक नगरबाट १/१ वटा संस्था

**पुनश्च** : पुरस्कारको लागि भर्नुपर्ने उल्लेखित अनुसूची एवं फारमहरू यस सङ्घको वेवसाइट www.bhaktapurdcu.coop.np बाट डाउनलोड गर्न सकिनेछ ।


**नोट** : एउटा विधामा पुरस्कृत भइसकेको संस्थाले पुन: सोही विधामा पुरस्कृत हुन पुरस्कार प्राप्त भएको ५ वर्ष व्यतीत भएको हुनुपर्नेछ ।

**विस्तृत जानकारीको लागि**

'दिगो सहकारी विकासका लागि सङ्घ'

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
**Bhaktapur District Saving & Credit Co-operative Union Ltd.**
**फोन नं. ६६१४३०५/६६१४६०५, इमेल : bktsaccu@gmail.com**

**हार्दिक समवेदना**



**जन्म**
**१९९५।०३।२२**

**निधन**
**२०८२।१०।२८**

यस समितिका सदस्य तथा भैरव नाइके शिवप्रसाद नागाजुका पूजनीय पिता **भक्तलाल नागाजु**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भैरवनाथ जात्रा सहयोग समिति**
लैको, लाकोलाछैं

**शिक्षासम्बन्धी संवैधानिक हक**

❖ प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
❖ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
❖ अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
❖ ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
❖ प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।
निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा